# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सम्पूर्ण जनसंख्याको समानुपातिक विकासमा नै राष्ट्रको प्रगति भर पर्दछ र यसलाई पुरा गर्न समाजमा आर्थिक, सामाजिक तथा शैक्षिक रुपमा कमजोर रहेका वर्गको पहिचान गरी उनीहरुको योग्यता र क्षमतालाई शिक्षाको माध्यमबाट विकसित गर्दै राष्ट्र विकासको मुलधारमा समाहित गर्नु अति आवश्यक छ ।

गरीवी निवारणमा खास गरी बालबालिका र पिछडिएका वर्गको शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । उपयुक्त शिक्षाका कारण महिला तथा कमजोर तहका जनताहरुले मुलुकको आर्थिक गतिविधिमा सक्रिय रुपले भाग लिने अवसर पाउने हुनाले यसको परिणाम स्वरुप विद्यमान गरीबीमा कमि आउने स्वतः स्पष्ट छ , साथै यसले जनस्वास्थ्यको बारेमा चेतना जागरणमा पनि महत्वपूर्ण योगदान दिने हुनाले मुलुकको मानवीय शक्तिको क्षमता अभिवृद्धिमा अनुकुल प्रभाव उत्पन्न गर्दछ र निर्णय प्रक्रियामा मुसहर तथा पिछडिएका समुदायको साक्षरता दर ज्यादै न्यून रहेको अवस्थामा यस समुदायका बालबालिकाहरुको शिक्षा प्रतिको उत्सुकता पनि कम भई विद्यालय बिचमा नै छाड्ने प्रवृतिले जरो गाड्न सक्ने सम्भावनालाई नकार्न सकिदैन् । मुलुकको भौगोलिक, सामाजिक, आर्थिक तथा क्षेत्रिय विविधताहरु टडकारो रुपमा रहेका छन् । कतिपय अवस्थामा यो विविधता समस्याको रुपमा पनि खडा भएको देखिन्छ  (राष्ट्रिय मुसहर आयोग,२०६०) ।

ऐतिहासिक रुपमा मुसहरको उत्पतीसंग सम्बन्धित कुनै ठोस प्रमाण नभेटाए पनि किम्बदन्ती अनुसार मुसहरहरु सात आठ शताब्दि अगाडि नै बसाई सराई गरेर नेपालको तराई प्रदेशमा बसोबास गर्दै आएको मानिन्छ । मुसहरहरुको पुर्ख्यौली बसोबास भारतको उत्तर प्रदेश र विहारलाई मानिन्छ । उनीहरुको रहन सहन आनि बानी तथा संस्कृतीबाट के थाहा पाउन सकिन्छ भने उनीहरु सिकारी र फिरन्ते थिए । विभिन्न जनावरहरुको सिकार गरेर उनीहरुले आफ्नो जीवन निर्वाह गर्ने गर्दथे । मुसहरहरुले दावा गर्छन की उनीहरु धार्मिक ग्रन्थका रचनाकार महर्षि बालमिकिका सन्तानहरु हुन भने केहीले भन्छन् उनीहरु हिन्दु धर्म ग्रन्थ रामायणकी वहु चर्चित पात्र सवरीका सन्ताहरु हुन । उनीहरु मुसा मार्ने र माटो काट्ने काम गर्ने गर्दछन् । मुसा मारेर खाने गरेकोले पनि उनीहरुलाई मुसहर भनिने गरेको हो (पाण्डे, मधुसुदन,२०६२) ।

वि.सं. १९१० मा तत्कालिन प्रधानमन्त्री जंग बहादुर राणाले आफ्ना सन्तानहरुका लागि अंग्रेजी माध्यमबाट शिक्षाको थालनी गरी आधुनिक शिक्षाको शुरुवात गर्यो । पछि रानी पोखरीछेउको संसकृत पाठशालाको स्थापना संगै जनताका छोरा छोरीहरुले पनि पढ्ने मौका पाए । देव शम्सेर र पद्म शम्सेरको शिक्षा प्रतिको उद्धार नितिका कारण देशका विभिन्न स्थानहरुमा संस्कृत विद्यालयहरु तथा आधारभुत विद्यालयहरु खुल्दै परिमार्जन हुँदै नेपालमा तिब्र गतिमा शैक्षिक विकासको थालनी भयो । नेपालमा २००७ सालमा प्रजातन्त्रको स्थापना पछि शिक्षा राज्यको प्रमुख दायित्वको रुपमा परिभाषित हुन पुग्यो । वि.सं २०२८ सालमा नयाँ शिक्षा पद्धतिको योजना लागु भई यसमा अझ व्यापकता थपिन पुग्यो । शिक्षाको गुणात्मक विकासका लागि विभिन्न समयमा  विभिन्न आयोगहरु गठन भई समयानुसार  शिक्षा नीति एवं शैक्षिक कार्यक्रमहरु लगु गरिदै आएको पाईन्छ । यसै सन्दर्भमा  राष्ट्रिय शिक्षा आयोग २०४९ ले निर्धारण गरेको शिक्षाका राष्ट्रिय उदेश्यमा समाजमा पछि परेका व्यक्तिलाई  राष्ट्रिय मुलधारमा समाहित गर्न सहयोग गरिनेछ भनिएको छ तर समाजमा व्यप्त वर्ग विभेद, अशिक्षा र गरीबीका कारण समाजका टाठाबाठा वर्गले बढि सुविधा उपयोग गरेको पाईन्छ  (रावल,२०६३) ।

समाजमा व्याप्त कुरीती छुवाछुतको मारबाट मुसहरहरु पनि बाँकि रहेका छैनन् । अझ पनि हाम्रो समाजमा मुसहरले छोएको खाने कुरा र पानी चमार, दुसाद, डुम, हलकोर आदि वहेक अरु कसैलाई चल्दैन । मुसहरहरु सुकुमबासी भएकोले उनीहरुको बसोबास पनि ऐलानी जग्गामा पाईन्छ । तराईका दलितहरु मध्ये मुसहरको जनसंख्या दोस्रो अवस्थामा रहेको छ । वि.सं २०६८ को जनगनणा अनुसार मुसहरको जनसंख्या २,३४,४९० मात्र रहेको छ जुन नेपालको कुल जनसंख्याको ०.८८ प्रतिशत मात्र हो । मुसहरहरुको बसोबास खास गरेर नेपालको तराईका जिल्लाहरु जस्तै झापा, मोरङ्ग , सुनसरी, सप्तरी, उदयपुर, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा पर्सा, चितवन, नवलपरासी, रुपन्देही आदी मा पईन्छ । यी जिल्लाहरु मध्ये सिराहा र सप्तरीमा उनीहरुको संख्या बढी मात्रामा पाईन्छ । २०६८ को जनगनणा अनुसार सप्तरी जिल्लाम मुसहरको संख्या ३८,६२५ जसमा पुरुष १९,३३० र महिलाको संख्या १९,२९५ रहेको छ जुन सप्तरी जिल्लाको कुल जनसंख्याको ६.०४ प्रतिशत मात्रै हो । मुसहरहरु नेपालमा सदियौं देखि बसोबास गरे तापनि उनीहरु राज्यले दिएका सुविधाबाट पनि बञ्चित रहेका छन् । उनीहरुको शिक्षामा पहुँच नगन्ने मात्रामा रहेको छ  (केन्द्रीय तथ्याङ्क विभाग,२०६८) ।

यसै परिपेक्षमा मुसहर जातीका विद्यार्थीहरुको प्राथमिक तहमा पहुँच कस्तो रहेको छ भन्ने पत्ता लगाउन अध्ययन अनुसन्धान आवश्यक देखिएकोले यस अध्ययनमा मुसहर जातीको प्राथमिक तहमा पहुँच सम्बन्धी खोजि गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

देशको सर्वाङ्गिण विकासको लागि शिक्षा अनिवार्य तथा अपरिहार्य विषय हो । तर नेपाल अहिलेको वर्तमान अवस्थामा पनि आर्थिक र शैक्षिक दुरावस्थाको कारणले गर्दा विश्वको गरीब देशको रुपमा चिनिन्छ । देश विकासको लागि तथा समता मुलक समाजको निर्माणको लागि सवैमा समान रुपले शिक्षाको प्रवाह हुनु अवश्यक छ । नेपाल जस्तो बहुभाषिक, वहुजातिय देशमा अहिले पनि ठुला जात, सान जात, मुसहर, छुवाछुत जस्ता कुराहरु विद्यमान छ । मुसहरहरु अझै पनि पानी नचल्ने जात भनेर हेपिएका छन् । तिनिहरुमा अहिलेको वर्तमान अवस्थामा पनि शिक्षाको पहुँच सम्पूर्ण रुपमा पुग्न पाएका छैन ।

राष्ट्रले सबैको लागि शिक्षा को अन्तराष्ट्रिय सम्मेलन मार्फत सन् २०१५ सम्ममा सबै नागरीकलाई निशुल्क एवं अनिवार्य प्राथमीक शिक्षा उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरेको छ र सोही अनुरुप शिक्षा तथा खेलकुद मन्त्रालयले शैक्षिक योजना कार्यान्वयनका लागि मुसहर एवं पिछडिएका वर्ग सम्म शिक्षाको पहुँच पुऱ्याउन विभिन्न प्रकारका रणनिति अपनाएको देखिन्छ । उदाहरणको लागि लैङ्गीक समानताको हिसाबले आधारभुत शिक्षा ,सबैका लागि उपलब्ध गराउने, काजोरका लागि समान रुपले शैक्षिक अवसर प्रदान गर्ने, गुणात्मक शिक्षाको विकासमा जोड दिने, भौतिक तथा आर्थिक ,सुविधाहरु विस्तार गर्ने, सबै गा.वि.स. तथा नगरपालिकाहरुलाई आ-आफ्ना क्षेत्रमा प्राथमिक विद्यालयहरुको स्थापना र संचालनको जिम्मा दिने आदि शैक्षिक रणनिति र शिक्षामा गरिएको लगानीको वावजुद पनि मुसहर समुदायको शैक्षिक अवस्था नाजुक नै रहेको छ ।

यी मुसहर समुदाय पनि हरेक दृष्टिकोणले पछि परेका समुदाय हो । यिनीहरुमा अशिक्षा र अज्ञानताको कारणले शिक्षाको पहुँचबाट टाढा भएको देखिन्छ । अशिक्षा र अज्ञानताको कारणले यिनीहरुलाई दिएका सुविधा तथा शैक्षिक लगानीको फाइदा अन्य समुदायका मानिसहरुले उठाई रहेका छन् । मुसहर समुदाय शिक्षा क्षेत्रमा किन पछि परेका छन् ? प्रायः जसो सबै गा.वि.स. तथा नगरपालिकाहरुमा विद्यालय भएतापनि अन्य समुदायको तुलनामा मुसहर समुदाय किन पछि परेका छन् ? उनीहरुको सहभागिता विद्यालयमा किन कम छ ? उनीहरुका लागि शैक्षिक अवसरहरु के के

हुन सक्छन् ? उनीहरु बराबर रुपमा विद्यालय किन जान सकेका छैनन् ? घरायसी कामकाज, गरीवी, वा विद्यालयमा गरीने व्यावहारको कारणले ? उनीहरुको यस्तो यस्तो अवस्था कसरी सिर्जना भयो ? जस्ता अहम् र समय सान्दर्भिक जवाफ तथा अन्य जानकारी प्राप्त गर्नका लागि मुसहर समुदायको शैक्षिक अवस्था पत्तालगाउन यसलाई समस्याको रुपमा लिईएको छ ।

## १.३ अध्ययनको उदेश्य

यस अध्ययनका उदेश्यहरु निम्नानुसार राखिएका छन् :-

१. मुसहर बालबालिकाको प्राथमिक तहको शिक्षामा पहुँच पत्तालगाउनु
२. शिक्षामा मुसहरजातिका पहुँच सम्बन्धि समस्याका कारणहरु पत्ता लागाउनु
३. शिक्षामा मुसहर समुदायका बालबालिकाको पहुँच बढाउन चालिएका प्रयासहरुको खोजी गर्नु
४. समस्या निराकरणका उपायहरु सुझाउनु

## १.४ अनुसन्धानात्मक प्रश्नहरु

यस शोधपत्रका अनुसन्धानात्मक प्रश्नहरु यस प्रकार छन् :

१. प्राथमिक तहमा मुसहर समुदायको शैक्षिक अवस्था कस्तो छ ?
२. मुसहर बालबालिकाले अन्य बालबालिका सरह शिक्षामा समान अवसर पाएका छन् ?
३. मुसहर बालबालिकाहरुको शैक्षिक स्तर तथा विद्यालयमा पहुच कम हुनुका कारणहरु के के हुन् ?
४. मुसहर बालबालिकाका अभिभावकहरुले आफ्ना बालाबलिकाहरुलाई विद्यालय पठाउन के कस्ता धारणा राख्छन् ?
५. गा.वि.स., सरकारी तथा गैर सरकारी संस्थाले मुसहर बालबालिकाहरुको सहभागिताको लागि के कस्ता कार्यक्रमहरु संचालन गरेका छन् ?
६. मुसहर जातिका बालबालिकाहरुले कक्षा छाड्ने समास्या समाधानका लागि के कस्ता उपायहरु अपनाउन सकिन्छ ?

## १.५ अध्ययनको औचित्य

समाज विकासको लागि शिक्षा अपरिहार्य विषय हो र त्यो शिक्षाको विकास सम्पूर्ण जातजाती, लिङ्ग, वर्गमा समानरुपले पुऱ्याए मात्र समाज विकास संभव छ । तर शिक्षामा अन्य समुदायको सहभागिता भएपनि मुसहर समुदायको शिक्षामा पहुँच कम भएको र शिक्षामा पहुँच भएका सहभागिहरुको पनि सिकाई उपलब्धि के कस्तो रहेको छ ? तिनीहरुको पढाई प्रतिको रुचि कस्तो छ ? उनीहरु पढ्न निरन्तर जान्छन कि जदैनन् ? जादैनन् भने के कस्ता कारणले जादैनन् ? मुसहरहरुको शिक्षामा सहभागिता कम हुनाका सकारात्मक तथा नकारात्मक तत्वहरु के के छन् ? ती नकारात्मक तत्वहरुलाई हटाउन के के उपायहरु ह्न सक्छन् ? यी कुराहरुको वारेमा यर्थात जानकारी प्रप्त गरी मुसहर समुदायको शिक्षामा पहुँच तथा तिनिहरुको शैक्षिक उपलब्धि वृद्धि गर्नको लागि यस अध्ययनले विभिन्न सरोकारवालाहरु, शिक्षकवर्ग, अभिभावक वर्ग, पाठकवृन्द, तथा शिक्षाविदहरुलाई पृष्टपोषणको रुपमा सहयोग प्रदान गर्न सक्छ । साथै तिनीहरुको शिक्षा प्रतिका लगाव बढाउनको लागि आवश्यक शैक्षिक योजना, निती निर्माण गर्न राष्ट्रिय स्तरका योजनाकार तथा निती निर्माताहरुलाई आवश्यक सहयोग पुऱ्याउने छ । यी विविध पक्षहरुमा यो अध्ययनले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने हुनाले यो अध्ययन औचित्यपूर्ण छ ।

## १.६ अध्ययनको परिसीमा

अनुसन्धानमा जति धेरै क्षेत्रलाई समेटन सक्यो, त्यसको विश्वसनियता र वैधताको स्तर पनि त्यतिनै उच्च रहन्छ तर सिमीत स्रोत, साधन समयका कारण त्यसलाई व्यापक बनाउन कठिन हुन्छ । त्यस कारण यस अनुसन्धानको अध्ययनलाई सप्तरी जिल्लाका पाँच गा.वि.स.हरु दिघवा, रायपुर, बरमझिया, फत्तेपुर, सितापुरलाई छनौट गरिएकोछ । प्रत्येक गा.वि.स.का मुसहर विद्यार्थी बढि भएका विद्यालयका ५ जना प्र.अ.हरु, प्रत्येक विद्यालयका १ जना शिक्षकका दरले ५ जना शिक्षकहरु, प्रत्येक गा.वि.स.बाट ३ जनाका दरले १५ जना मुसहर अभिभावकहरु, छनौट भएका ५ वटा विद्यालयबाट ३ जनाका दरले १५ जना मुसहर विद्यार्थीहरु, प्रत्येक गा.वि.स.बाट १ जनाका दरले ५ जना बुद्धिजिवीहरु तथा समाज सेवीहरु र ५ जना गैरसरकारी संस्थाका प्रतिनिधिहरु गरी जम्मा ५० जनालाई यस अध्ययनको नमुनाका रुपमा छनौट गरि अध्ययन गरिएको छ । यस अध्ययनले सप्तरीको मुसहर बालबालिकाको प्राथमिक तहको शिक्षामा पहुँच पत्तालगाउनु, पहुँच सम्बन्धि समस्याका कारणहरु पत्ता लागाउनु, समस्या निराकरणका उपायहरु सुझाउनु अध्ययन सानो क्षेत्रमा केन्द्रीत भएकाले यसको निश्कर्षलाई मुलुक भरी सामान्यीकरण गर्न सकिदैन ।

## १.७ मुख्य शब्दावलीहरुको परिभाषा

सुविधा विहिन -राज्यबाट प्रदान गरिएको सेवा लिनबाट बंचित समुदाय

पहुँच -सामाजिक न्ययका अधारमा सबैले समान अवसर प्राप्त गर्नु

समानुपातिक - सबैको समान सहभागिता भएको

फिरन्ते - घुमफिर गर्ने मानिस

उतीर्ण - विषय लागेर समेत उतारित

मुसहर विद्यार्थी - नेपाल सरकारले छात्रवृति वितरण गर्ने प्रयोजनमा लागि तोकेका मुसहर जातिका विद्यार्थीहरु

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धान गर्नका लागि त्यस अध्ययन संग सम्बन्धित लेख, रचना, खोज, शोध पत्र, पत्रपत्रिका आदि जस्ता साहित्यको अध्ययन गर्नु आवश्यक हुन्छ। पहिले भएका लेख अनुसन्धानको अध्ययनबाट आफुले अनुसन्धान गर्न लागेका विषय वस्तु संग सम्बन्धित के कस्ता शोध अनुसन्धान तथा अध्ययनहरु भएका छन् ? तिनिहरुले के कस्ता विषयहरु समेट्न सके र के कस्ता पक्षहरुको खोज अनुसन्धान हुन आवश्यक छ भन्ने कुराको ज्ञान प्राप्त गर्न सकिन्छ। यस अध्ययन पुरा गर्नको लागि  तल पुनरावलोकन गरिएका साहित्यले यो अध्ययनलाई सहयोग गर्न तथा सम्बन्धित समेत भएकोले निम्न लिखित साहित्यको पुनरावलोकन गरिएको छ।

ओझा (२०६६) ले **'दलित छात्राको उच्च माध्यमिक शिक्षामा पहुँच'** सम्बन्धी गरिएको अध्ययनमा शोधकर्ताले उच्च माध्यमिक शिक्षामा दलित छात्राको स्थिति र उच्च माध्यमिक शिक्षामा दलित छात्राहरुको पहुँच सम्बन्धि समस्याका कारणहरु के के हुन ? जस्ता उदेश्यहरु राख्नु भएको छ। शोधकर्ताले यस अध्ययनमा परिमाणात्मक र गुणात्मक दुवै अध्ययन विधिको प्रयोग गर्नु भएको छ। शोधकर्ताले यस अध्ययनकबाट उच्च मा.वि. शिक्षामा दलित छात्राको स्थिति अति न्युन रहेको र उच्च मा.वि.मा दलित छात्राहरुको पहुँच सम्बन्धित समस्याका करणहरुका रुपमा आर्थिक कारण,सामाजिक तथा साँस्कृतिक कारण, चेतनाको कमी र शिक्षा पद्धतिलाई औंल्याउनु भएको छ।

यसै प्रकारले दलित विद्यार्थीहरु सम्बन्धि अर्को अध्ययनमा उनीहरुको सिकाई उपलब्धि सम्बन्धि अध्ययन गरिएको पाईन्छ।

न्यौपाने (२०६३) को **'भोजपुर जिल्लामा कक्षा-८ उतिर्ण दलित विद्यार्थीहरुको सिकाई उपलब्धि र अध्ययनमा निरन्तरता : एक अध्ययन'** ले  भोजपुर जिल्लामा वितग तिन वर्षको निम्न माध्यमिक शिक्षा उतिर्ण परीक्षाको औसत सिकाई उपलब्धिसंग दलित विद्यार्थीको सिकाई उपलब्धिको लेखाजोखा, कक्षा-८ उतिर्ण भएका दलित विद्यार्थीहरुको कक्षा-९ र १० को अध्ययन निरन्तरता एवं संलग्नताको अवस्था, दलित विद्यार्थीहरुको सिकाई उपलब्धि र अध्ययन निरन्तरतामा प्रभाव पार्ने तत्वहरु पत्ता लागाउने प्रयास गर्नु भएको छ। यस अध्ययनबाट शोधकार्ताले दलित अभिभावकहरुमा

चेतनाको कमि, अन्य जात जातिले दलितलाई पढ्न प्रोत्सीहित  नगर्ने,  आर्थिक कारणले पढाईमा निरन्तरता नदिने, विद्यालय क्षेत्र टाढा हुनु जस्ता करणहरु निचोडको रुपमा निकाल्नु भएको छ ।

त्यसैगरी कमजोर आर्थिक अवस्थाको कारणले पढाईबाट बञ्चित रहेको कुरा अर्को अध्ययनमा उल्लेख गरिएको छ ।

खत्री (२०६५) ले स्नातकोत्तर तहको शोधपत्र प्रयोजनका लागि **'कैलाली जिल्लामा प्राथमिक तहमा थारु जातिका बालबालिकाहरुको शैक्षिक उपलब्धिको अध्ययन'** गरेको पाईयो उक्त अध्ययनमा अभिभावकको शैक्षिक अवस्थाको पहिचान गर्ने क्रमामा ७४ पुरुष र ७४ महिलासंग गरिएको सर्भे अनुसार एस.एल.सी. पास गरेका एउटा पनि पुरुष र महिला नभेटिएको, थारु मुक्त कमैयाको वार्षिक आम्दानी रु.१०००।- भएको १६ जना, रु.११००-२०००।- सम्म हुने १३ ,जीवन निर्वाह मात्र हुने २३ जना र २२ जनाले खान लाउन नपाएको देखियो । अभिभावकहरुको शिक्षा प्रतिको धारणा सकारात्मक नै भएपनि कमजोर आर्थिक अवस्थाका कारण घरायसी काम तथा मेलापाता गर्न पठाउनु पर्ने भएकोले विद्यालय नपठाउने गरेको देखियो ।

मुसहरहरुको साक्षरता दर न्यून भएको, मधेसी समुदायमा मुसहर ,दुसाध, चमार सबभन्दा कम साक्षरता दर भएका मुसहरहरु भएको, अन्य जातजातिका तुलनामा मधेसी मुलका मुसहरहरु अत्यन्त पिछडिएका, महिला र पुरुषको सन्दर्भमा मुसहर समुदायमा करीब १०० जना पुरुष साक्षर हुँदा १० देखि २५ जना महिला मात्र साक्षर भएको उक्त अध्ययनले देखाएको छ । (राष्ट्रिय मुसहर आयोग, २०६०)

यस्तै मुसहरहरुको शिक्षा प्रति जनचेतनाको अभावको कारणले उनीहरु शिक्षा पाउनबाट बञ्चित रहेको कुरा यस तल उल्लेखित अध्ययनबाट पाईन्छ ।

पाण्डे (२०६२) ले **'नेपालका मुसहरहरु'** नामक शोधपत्रमा नेपालका मुसहरहरुको जातिगत वर्णन तथा अध्ययन गर्नु भएको छ । यस शोधपत्रमा उहाँले मुसहर जातिको परीचय, पेसा, जनसंख्या, थर, संस्कृति, परम्परा तथा शैक्षिक अवस्थाको वारेमा वर्णन गर्नु भएको छ । यस अध्ययनमा उहाँले मुसहरहरुको शिक्षा प्रतिको धारणमा उल्लेख गर्दै भन्नु भएको छ कि शिक्षा पाउनु भनेको उच्च कुलिन तथा धनीहरुका लागिमात्र हुन । मुसहरहरुको यस्तो किसिमको धारणाका करणले गर्दा पनि

मुसहरहरु शिक्षा क्षेत्रमा पछि परेका छन् । राज्यले पनि उनिहरुको शैक्षीक विकासमा खासै टेवा पुऱ्याएको देखिदैन ।

थारु (२००१) ले आफ्नो अध्ययन **'नेपालका थारु महिलाहरुको शैक्षिक अवस्था'** मा खास गरेर मुक्त कमैया तथा मजदुर थारु महिलाको शैक्षिक अवस्थाको वारेमा जोड दिनु भएको छ । यस अध्ययनबाट थारु महिलाहरुमा धेरै शैक्षिक विविधता पाईन्छ । अन्य तह भन्दा प्राथमिक स्तरमा बढि संख्या शिक्षीत भएको पाईएको छ । कमैया थारुहरुको कमजोर आर्थिक अवस्थाको कारणले महिलाहरु विद्यालयको औपचारीक शिक्षाबाट बञ्चित छ भने बालबालिकाहरु कक्षा उतिर्ण गर्नु भन्दा अगाबै कक्षा छोड्न बाध्य छन् । ५० प्रतिशत विद्यार्थीहरु माध्यमिक स्तर पुरा नै नगरी पढाई छाड्छन भने ५० प्रतिशत विद्यार्थीहरु गरिकबीको कारणले खेतबारीमा काम गर्नु पर्ने बध्यता छ । खेतबारीमा काम गर्नु पर्ने बोझले गर्दा उनीहरु पढ्ने समय विरलै पाउँछन् , जसले गर्दा उनीहरु पढाइ माकमजोर हुदैजान्छन् र परीक्षा फेद हुन्छन्  । यसरी पढाई छोड्ने प्रमुख कारणहरु मध्ये अशिक्षित अभिभावक, बाल विवाह तथा कमजोर आर्थिक अवस्था  आदि उल्लेख गर्नु भएको छ ।

यसरी माथिको अध्ययनबाट कमजोर आर्थिक अवस्थाको कारणले थारु जति पढाईबाट बञ्चि रहेको देखाउँछ ।

सलाम (२००३), ले आफ्नो अध्ययन **'कपिलवस्तु जिल्ला अजिग्रा गा.वि.स.का मुस्लिम समुदायका महिलाहरुको शैक्षिक अवस्था'** मा मुस्लिम समुदायको शैक्षिक अवस्थाको बारेमा बढि जोड दिएर अध्ययन गर्नु भएको छ ।  नेपाली मुस्लिम समुदायको प्रमुख कारणहरु मध्ये अशिक्षा, गरिबी, तथा कमसल दर्जाको जीवन पद्धती आदि औंल्याउनु भएको छ ।  शिक्षा क्षेत्रमा पछि परेका यस समुदायका मानिसहरुको प्रमुख पेश भनेको कृषी नै भए पनि आफ्ना छोरा छोरीमा भर पर्ने, तथा कमइ गर्ने सदस्यमा भर पर्ने, छोराछारी बढि जन्माउने आदि बढि भन्दा बढि पइएको कुरा वहाँले यस अध्ययनमा उल्लेख गर्नु भएको छ । मुसलिम समुदाय प्राथमिक स्तरको शिक्षामा बढि सहभागीता भए पनि मध्यमिक तथा उच्च मा.वि. स्तरमा नगन्य मात्रामा पाईन्छ । महिलाहरु पुरुषको तुलनामा अझ बढि अशिक्षित रहेको कुरा उल्लेख गर्नु भएको छ ।

मुस्लिम समुदायको महिलाहरुको शैक्षिक अवस्था कमजोर हुनुको मुख्य कारणको रुपमा अशिक्षा, गरिबीलाई औंल्याएको पाइन्छ ।

## २.२ सैद्धान्तिक साहित्यको पुनरावलोकन

नेपाली समाजमा सुविधाविहिन निम्न वर्गको रुपमा रहेका मुसहर जातिको शैक्षिक अवस्थालाई यस अनुसन्धनमा गहन तरीकाबाट अध्ययन गरिने भएकोले यसको लागि कार्ल मार्क्सको द्वन्द सिद्धान्तसंग तुलना गरी अध्ययन गरिएकोछ । शिक्षामा समान अवसर तथा निःशुल्क शिक्षाको अवधारणा कार्यान्वयनका समस्याहरुलाई इमाइल डर्खिमको सोसल क्लास एण्ड एजुकेशन थेउरीको आधारमा व्याख्या विश्लेषण गर्न सकिनेछ । सचेतनाको अभावले शिक्षामा पछाडि परेका मुसहरहरुमा शिक्षाको पहुँच वृद्धि गर्ने उपायखोजी गर्न पाउलो फेररको सचेतिकरणको सिद्धान्तको अध्ययन उपयोगी हुने देखिन्छ ।

सामाजिक जागरणका लागि प्रसिद्ध शिक्षाशास्त्री पाउलो फेररद्धारा प्रतिपादित सिद्धान्त सचेतीकरणको सिद्धान्त हो । उनले वर्गीय समाजको अवधारण अनुसार उत्प्रेरित र सर्वहारा वर्गलाई शिक्षाको माध्यमबाट सचेत बनाउने प्रक्रियाको  सुरुवात गरे । उनले सन् १९६७ मा प्रकाशित आफ्नो पुस्तक 'पेडागोजी अफ द अप्रेस्ड'  मा उत्पीडित तथा सर्वहारा वर्गलाई शैक्षिक अवसर उपयोग गर्दै आफ्नो अधिकारको लागि संगठित हुन आव्हान गरेका थिए । फेररको सचेतीकरणको सिद्धान्त धार्मिक उदारतावादमा आधारित छ । समाजमा सबै वर्गका मानिसहरु हुनेगर्दछन् र समाजमा चलेको धार्मिक संस्कारले त्यस्ता उत्पीडित समुदायलाई सताएको हुन्छ । अतः त्यस्ता समुदायले धार्मिक समानता प्राप्त गर्नुपर्दछ र समाजमा धार्मिक उदारता जागरण गराउनु पर्दछ । यसका लागि विद्यमान औपचारिक शिक्षा प्रणालीको वैकल्पिक अनौपचारिक शिक्षा पद्धति वकालत गरेका छन् । उनका अनुसार, औपचारिक शिक्षा प्रणालीका शिक्षकहरुद्धारा विद्यार्थीको मस्तिष्कमा ज्ञान र सीप हस्तान्तरण गरीन्छ । जसमा संभ्रान्त वर्गको चाहना अनुसारको पाठयक्रमको उपयोग गरीन्छ ।उक्त पाठयक्रमले विद्यार्थीको कियाशीलता र सिर्जनात्मकतालाई समेट्न सक्दैन (वाग्ले, २०५१) ।

यसकारण फेररको सचेतीकरणको सिद्धान्त अनुसार मुसहर तथा उत्पीडितहरुलाई सचेतीकरणको शिक्षा दिनुपर्दछ । शिक्षा प्रदान गर्दा शिक्षकले विद्यार्थीहरुको इच्छा, आकांक्षा, चाहना, आवश्यकता र समुदायको माग  समेतलाई व्यक्तिगत र सामुहिक रुपबाट अध्ययन, विश्लेषण गरी सामुहिक निष्कर्षमा पुग्नुपर्दछ अनि मात्र समाजका उत्पीडित मुसहर तथा सुविधाविहिनहरुलाई शिक्षामा समाहित गर्न सकिन्छ । सामाजिक न्याय भनेको समाजमा बसोबास गर्ने सम्पूर्ण धर्म, वर्ण, लिङ्ग ,वर्ग,जात, लगायत सबै मानिसहरुलाई समानरुपमा काम गर्ने गराउने वातावरणको नीति हो । सामाजिक न्याय व्यक्तिको जन्मसिद्ध अधिकार, नैसर्गिक अधिकार प्राकृतिक अधिकार तथा मौलिक

अधिकार भित्र पर्दछ । समाजमा जबसम्म सीमान्त र सुविधाविहिन जनसंख्याको मात्रा ठूलो रहन्छ तब सम्म यहाँ सामाजिक न्याय छ भन्न मिल्दैन  (शर्मा एण्ड शर्मा, २०६३) ।

नेपालको परिपेक्ष्यमा हेर्दा समाजमा सामाजिक न्याय प्रदान गर्न सकिएको छैन । समाज छुवाछुत, जातपात,उचनिच आदिको भावनाबाट ग्रसीत छ । यसर्थ शिक्षा समाज परिवर्तनको बाहक तथा सामाजिक न्याय प्रवद्धन गर्ने एक मात्र सर्वोत्तम साधन भएको हुनाले मुसहर तथा उत्पीडित वर्गसम्म शिक्षाको पहुँच पुऱ्याउनु अपरिहार्य देखिन्छ ।

इमाइल डर्खीमको कार्यगत सिद्धान्त अनुसार समाजमा व्यक्ति जिवित रहनाका लागि सामाजिक साँस्कृतिक मूल्य मान्यताहरु अनुरुप चल्नुपर्दछ । सबै समाजको वातावरण समान नहुने हुनाले एउटा वातावरणको प्रणाली अर्को वातावरणमा लागु हुदैन । यसर्थ जुन समाज जुन प्रणालीबाट संचालित छ त्यही प्रणालीका आधारमा त्यो समाज र सामाजिक क्रियाकलापहरुको व्याख्या र विश्लेषण गरिएको हुन्छ । डर्खीमको उक्त सिद्धान्तले कुनै पनि सामाजिक घटनाकक्रम, विषयवस्तु वा क्रियाकलापको अध्ययन गर्दछ । उनका अनुसार एउटा समाजमा जति धेरै सामाजिक तत्व र स्वरुपहरु हुन्छन् । त्यक्ति नै शिक्षाका प्रकार हुन्छन् । समाजमा भईरहने परिवर्तन अनुसार शैक्षिक प्रक्रियामा पनि परिवर्तन भई रहनु पर्दछ र समाजको प्रत्येक अंगले सृजना गरेका आर्दशहरुलाई अर्थ दिने र संरक्षण गर्ने काम शिक्षाले गर्नु पर्दछ । सामाजिक एकताको लागि विद्यालयबाट जातिय छुवाछुत, भाषिक थिचोमिचो, आदिलाई हटाउने सँस्कार दिनु पर्दछ  (शर्मा,२०५८) ।

पाउलो फेररको सचेतीकरणको सिद्धान्त अनुसार , मुसहर उत्पीडित र उपेक्षितहरुलाई सर्वप्रथम आफ्नो सामर्थ्य र क्षमताका बारेमा सचेत हुन दिने अवसर दिनु पर्दछ । सचेतीकरणको शिक्षाले उनीहरुलाई आफु ठगिएको, हेपिएको कुराको ज्ञान दिने हुनाले सर्वप्रथम मुसहर जातिलाई सचेतीकरणको शिक्षा दिनु आवश्यक छ । तर विद्यालय सेवा क्षेत्रमा यस प्रकारको सचेतीकरणको शिक्षाको अभाव छ । विद्यालयीय शिक्षाले मुसहरहरुलाई मुसहर भावनाबाट मुक्त पार्न र अन्य जाति सरह हौ भन्ने भावनाको विकास गराउन सकेको छैन जसले गर्दा समग्र शैक्षिक क्षेत्रमा मुसहर जातिको सहभागिता कम रहेको हो । यसको मूल कारण मुसहरहरुलाई सचेतीकरणको अभाव हो ।

कार्ल मार्क्सको द्वन्द्व सिद्धान्तले समाज वर्ग विभाजनको मूल कारण आर्थिक पक्षलाई मानेको छ । मुसहर अभिभावकहरु आर्थिक अभावका कारण शोषित र पिडित भई आफ्ना बालबालिकाहरुको शैक्षिक क्षेत्रमा ध्यानपुऱ्याउन सक्दैनन् र शैक्षिक सहभागिता न्यून हुन जान्छ । द्वन्द्व सिद्धान्त अनुसार

आर्थिक कारण नै वर्गीय द्वन्द्वको प्रमुख कारण हो र मुसहर जातिको कमजोर आर्थिक अवस्थाका कारण शिक्षामा निरन्तरता दिन नसकी शैक्षिक पहुँच कम हुन पुग्छ । यस अध्ययन क्षेत्रमा पनि कार्ल मार्क्सले भने झै आफ्नो कमजोर आर्थिक अवस्थाका कारण मुसहर अभिभावकहरुले आफ्ना छोराछोरीहरुलाई प्राथमिक तहको शिक्षा पनि दिन नसकेको देखिन्छ । सामाजिक न्यायको सिद्धान्त अनुसार, शिक्षालाई सामाजिक न्याय प्रवर्द्धनको प्रभावकारी साधन मानिन्छ । राज्यद्धारा प्रदान गरिएको प्राथमिक शिक्षा सम्बन्धी सेवा सुविधाको उपयोग गर्ने कार्यमा मुसहर जातिहरु पछाडि परेको तथ्य माथिको तथ्याङ्गगत विश्लेषणबाट प्रष्ट हुन आउँछ । वर्तमान शिक्षा व्यवस्थाले मुसहर जातिहरुलाई  सामाजिक न्याय प्रदान गर्ने कार्यमा प्रभावकारी भूमिका खेल्न नसकेको कुरा पनि यसबाट पुष्टि हुन आउँछ ।


यसरी समग्रमा कार्ल मार्क्सको द्वन्द्व सिद्धान्तमा हरेक समस्याको जड आर्थिक कारणलाई मानेका छन् । शिक्षाको पहुँच सम्बन्धमा पनि आर्थिक समस्याकै कारण मुसहर छात्रछात्राहरुले बीचैमा पढाई छोड्ने, कक्षा शिक्षण सिकाईमा सक्रिय सहभागी नहुने, अनुत्तीर्ण हुने तथा बारम्बार कक्षा दोहोऱ्याउने जस्ता शैक्षिक क्षति हुने गर्दछन् । छनौटमा परेका अभिभावकहरुबाट पनि आर्थिक अवस्था कमजोर भएका कारण आफ्नो छोराछोरीको पढाइमा निरन्तरता दिन नसकेको सूचनाबाट पनि कार्ल मार्क्सको सप्तरी जिल्लाको मुसहरको शैक्षिक अवस्थासँग  मेल खाएको पुष्टि हुन्छ । यही शैक्षिक पहुँचको स्थितिलाई पाउलो फेररको सचेतीकरणको सिद्धान्तसँग तुलना गर्न सकिन्छ ।

उनका अनुसार उपेक्षित, उत्पीडित, मुसहर जातिहरुलाई चेतना जगाउने मुक्तिको शिक्षा प्रदान नगरेसम्म वर्तमान औपचारिक शिक्षा पद्धतिले उनीहरुको शिक्षामा खासै सुधार हुन सक्दैन । सचेतनाका अभावका कारण नै प्राथमिक तहमा भर्ना भएका बालबालिकाहरु बीचैमा विद्यालय छाड्ने, सहभागी नहुने, अनुर्त्तीण हुने तथा कक्षा दोहोऱ्याउने संख्या बढी भएको देखिन्छ ।

यसरी कार्ल मार्क्सको द्वन्द्व सिद्धान्त, इमाईल दुर्खीमको  सोसल क्लास एण्ड एजुकेशन थेउरी, पाउल फेररको सचेतीकरणको सिद्धान्त तथा समाजिक न्याय सिद्धान्त  यस शोधपत्रको अध्ययन क्षेत्रका सप्तरी जिल्लामा संचालित विद्यालयको शैक्षिक अवस्थासँग मेल खाएको कुरा पुष्टि हुन्छ ।

## २.३ अवधारणात्मक खाका

मुसहर जातिका सम्बन्धमा गरिएको यस अध्ययनबाट प्राप्त उपलब्धि एवं तथ्याङ्क विश्लेषण गर्न कार्ल मार्क्सको द्वन्द सिद्धन्त, इमाइल डर्खिमको सोसल क्लास एण्ड एजुकेशन थेउरी, पाउलो फेररको सचेतिकरणको सिद्धान्त तथा समाजिक न्ययको सिद्धान्त अनुसार उत्पादन प्रणलीको स्रोत र साधनमाथी सामाजका व्यक्तिहरुको नियन्त्रण रहन सक्ने र नसक्ने अवस्थाले समाजिक विभेदिकरण बढेको हुन्छ । कार्ल मार्क्सको चिन्तन अनुसार सामाजिक विभेदिकारणका कारण समाजमा उच्च वर्ग र सुविधाविहिन निम्न वर्गको सृजना भै वर्ग संर्घष चलिरहेको हुन्छ । यस चिन्तन अनुसार हाम्रो नेपाली परिप्रेक्षमा समाजका सुविधा वीहिन निम्न वर्गको रुपमा रहेका मुसहर जातिको शैक्षिक अवस्था कस्तो छ र उनीहरु शिक्षाको अवसरबाट वञ्चित रहनुका कारणाहरु मार्क्सवादी चिन्तन संग के कति मेल खन्छन् भन्ने कुरा अध्ययन गरिएको छ । यस कुरालाई अवधारणात्मक रुपमा यसरी पनि प्रस्तुत गर्न सकिन्छ ।




## २.४ पुनरावलोकनको शैक्षिक उपादेयता

कुनै पनि अध्ययन अनुसन्धानको लागि त्यस अध्ययनसंग सम्बन्धित पहिले गरिएका शोध, अनुसन्धान, सुझाव, पुस्तक, पत्रपत्रिका, लेखरचना जस्ता साहित्यको अध्ययन गर्नु जरुरी रहन्छ । माथी अध्ययन गरिएका सम्बन्धित साहित्यको अवलोकनबाट गर्न लागिएका यस अनुसन्धानमा पहिले भएका लेखरचना र अनुसन्धानको अध्ययनबाट आफूले अध्ययन, अनुसन्धान गर्न लागेको विषय वस्तुसंग सम्बन्धित के कस्ता शोध, अनुसन्धान तथा अध्ययनहरु भएका छन् ? तिनीहरुले के कस्ता विषयवस्तुहरु समेट्न सके र के कस्ता पक्षहरुको खोज अनुसन्धान हुन आवश्यक छ भन्ने

ज्ञान प्राप्त गर्न सकिन्छ । यस खोज अनुसन्धानलाई कसरी व्यवस्थित गर्ने , कस्तो ढाँचामा प्रस्तुत गर्ने र पहिले गरिएका अनुसन्धानमा के कस्ता सुझाव दिईएका छन् भन्ने कुराको ज्ञान सम्बन्धित साहित्यको पुनरावलोकनबाट प्राप्त गर्न सकिन्छ । यसका अलाबा माथीका साहित्यहरुको अध्ययनबाट कुन कुन जातजातीहरुले के कस्तो कारणले शिक्षाको उज्याले घामबाट बञ्चित हुनु परेको कुरा थाहा पाउन सहयोगी सावित भयो । समग्र रुपमा सम्बन्धित साहित्यको अध्ययनबाट तयार गर्न लागिएको अध्ययन अनुसनधानका लागि मार्ग दर्शनको काम गरेकोछ ।

माथीका सम्बन्धित साहित्यको पुनरावलोकनबाट विभिन्न जात जातिका मानिसहरुको शैक्षिक अवस्थाको वारेमा थाहा पाईयो । शिक्षामा कम पहुँच भएका समुदायको वारेमा केलाउँदा विभिन्न कारणहरु देखिन्छ । यस सन्दर्भमा अन्य जातजातिको शिक्षामा कम पहुँचको कारण र मुसहर समदायको शिक्षामा कम पहुँचको कारण विच तुलना गर्न सहयोग मिल्ने देखिन्छ । यसै क्रममा मुसहर जातीको शिक्षामा पहुँच बढाउने उपाइहरु पहिल्याउन सहयोगी हुन्छ । यसका साथै  निती निर्माण कर्ता तथा सम्बन्धित निकायलाई एकिकृत रुपमा गुरु योजना बनाई उनीहरुको शिक्षामा पहुँच बढाउन विभिन्न खालका नितिगत निर्णय लिन सहयोगी भुमिका खेल्नेछ ।

# परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा परिमाणात्मक तथा गुणात्मक दुवै अध्ययन विधिको प्रयोग गरिएकोछ । साथै वर्णात्मक विधि अपनाई तथ्याङ्कको व्यख्या तथा विश्लेषण गरिएकोछ ।

## ३.२ जनसंख्या, नमुना र नमुना रणनीति

नेपालका जिल्लाहरुमा सबभन्दा बढि गा.वि.स भएको जिल्ला सप्तरी जिल्ला हो । यस जिल्लामा मुसहर समुदायको सघन वस्ती पाईन्छ । वि.स. २०६८ सालको जनगणना अनुसार सप्तरी जिल्लामा मुसहरहरुको संख्या ३८,६२५ जस मध्ये महिला १९,२९५ र पुरुष १९,३३० रहेको छ, जुन सप्तरी जिल्लाको कुल जनसंख्याको ६.०४ प्रतिशत हो । यस अध्ययनका लागि सप्तरी जिल्लाका ५ वटा गा.वि.स.हरु दिघवा, रायपुर, बरमझिया, फत्तेपुर, सितापुरमा अध्ययन अनुसन्धान गरिएको छ । अनुसन्धानका क्रममा त्यस गा.वि.स.हरुका मुसहर अभिभावक, विद्यार्थी, शिक्षक, समाजिक कार्यर्ता, गा.वि.स.का प्रतिनिधि तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु गरी जम्मा ५० जनालाई यस अध्ययनको जनसंख्याको रुपमा लिईएकोछ ।

### ३.२.१ नमुना र नमुना छनौट रणनीति

यस अध्ययनका लागि सप्तरी जिल्लाका मुसहर जातिको बाहुल्यता भएका पाँचवटा गा.वि.स.का पाँचवटा विद्यालयहरु उदेश्य मूलक रुपमा छनौट गरिएको छ । मुसहर समुदायका विद्यार्थी बढि भएका विद्यालयका ५ जना प्र.अ.हरु, प्रत्येक विद्यालयका १ जना शिक्षकका दरले ५ जना शिक्षकहरु, प्रत्येक गा.वि.स.बाट ३ जनाका दरले १५ जना मुसहर अभिभावकहरु, छनौट भएका ५ वटा विद्यालयबाट ३ जनाका दरले १५ जना मुसहर विद्यार्थीहरु, प्रत्येक गा.वि.स.बाट १ जनाका दरले ५ जना बुद्धिजिवीहरु तथा समाज सेवीहरु र ५ जना गैरसरकारी संस्थाका प्रतिनिधिहरु गरी जम्मा ५० लाई यस अध्ययनको नमुनाका रुपमा छनौट गरिएको छ । यसरी नमुना छनौट गर्दा पूर्व निश्चित एवं तयारी व्यक्तिबाट नलिई सामान्य संभावनायूक्त नमुना छनौट विधिबाट गोला प्रथाद्वरा छनौट गरिएको छ ।

तालिका १

नमुना छनौट विवरण

| क्र.स. | विवरण | जनसंख्या | नमुना | नमुना छनौट विधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यालय | १५ | ५ | मुसहर विद्यार्थीको संख्या बाहुल्यताको आधारमा | |
| २ | प्रधानाध्यपक | १५ | ५ | | |
| ३ | शिक्षक | ९० | ५ | संभावनायूक्त नमुना छनौट विधिबाट गोला प्रथाद्वरा | |
| ४ | बुद्धिजीवि/समाजसेवी | | ५ | | |
| ५ | गै.स.स. प्रतिनिधि | | ५ | | |
| ६ | अभिभावक | ४५३ | १५ | संभावनायूक्त नमुना छनौट विधिबाट गोला प्रथाद्वरा | |
| ७ | मुसहर विद्यार्थी | १३७ | १५ | संभावनायूक्त नमुना छनौट विधिबाट गोला प्रथाद्वरा | |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

## ३.३ अध्ययन क्षेत्र

यस अध्ययनका लागि सप्तरी जिल्लाका मुसहर जातिको बाहुल्यता भएका  पाँचवटा गा.वि.स.हरु दिघवा, रायपुर, बरमझिया, फत्तेपुर, सितापुरमा अध्ययन अनुसन्धान गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका साधनहरु

कुनै पनि अध्ययन अनुसन्धानका लागि तथ्याङ्क अति अवश्यक तत्व हो । तथ्याङ्कको अध्ययन गर्न विभिन्न साधनहरुको आवश्यक्ता पर्दछ । यस अध्ययन अनुसन्धानका लागि तथ्याङ्क संकलन गर्नका लागि अन्तरवार्ता, छलफल, प्रश्नावली, अभिलेख अध्ययन जस्ता सधानहरुको प्रयोग गरी आवश्यक सुचनाहरु संकलन गरिएको छ ।

प्रत्येक समुहको लागि भिन्दा भिन्दै प्रश्नावली निर्माण गरी अन्तरवार्ता लिइएको थियो । मुसहर जतीको शिक्षामा पहुँच कम हुनुको कारण पत्ता लगाउन मुसहर समुदाय लगायत समाजका बुद्धिजिवी, प्र.अ., शिक्षक लगायत विभिन्न संघसंस्थाका पदाधिकारीहरुसंग छलफल गरीएको थियो । यस्तै विद्यालयमा भएका अभिलेख जस्तै हाजिरी खाता, भर्ना रजिष्टर आदिको अध्ययनबाट मुसहर विद्यार्थीको बारेमा जनकारी हाँसिल गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस अध्ययनको लागि तथ्याङ्क संकलन गर्नको लागि छनौटमा परेका गा.वि.स. अन्तर्गतका विद्यालयहरुमा गई प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थीलाई खुल्ला तथा बन्द प्रश्नावली भर्न लगाईएको थियो । प्र.अ., शिक्षक र अभिभावकसंग छलफल तथा अन्तरवार्ताद्वारा तथ्याङ्क संकलन तथा राय सुझाव संकलन गरिएको छ । मुसहरहरुको औषत सिकाई उपलब्धि पत्ता लगाउन तथा तिनिहरुको अध्ययनमा निरन्तरता पत्तालगाउन सम्बन्धित विद्यालयमा रहेको भर्ना अभिलेख, हाजिरी रजिष्टर, परीक्षाको नतिजाको अभिलेख अध्ययन गर्नुका साथै जिल्ला शिक्षा कार्यालयको अभिलेख, शिक्षा मन्त्रालयको वार्षिक प्रतिवेदन पनि अध्ययन गरिएको छ । यस अध्ययनको विषयसंग सरोकार राख्ने पक्ष, गाउँका बुद्धिजिवी, समाजसेवी, प्र.अ., वि.नि., श्रोत व्यक्ती तथा गैरसरकारी संस्थाका प्रतिनिधि संग भेट वार्ता गरी राय सुझावहरु संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययन अनुसन्धानको लागि आवश्यक पर्ने प्रथमिक तथ्याङ्क खुल्ला प्रश्नावलि बनाई तथा अन्तवार्ताको माध्यमबाट छनौटमा परेका अभिभावक, प्र.अ. , शिक्षक, विद्यार्थीहरु, बुद्धिजिवीबाट र सहायक तथ्याङ्कको रुपमा सम्बन्धित विद्यालयहरुबाट प्रप्त अभिलेख, जि.शि.का.बाट प्रकाशित तथा अप्रकाशित तथ्यङ्कहरु संकालन गरी उपलब्ध तथ्याङ्कलाई साधारण अंक गणितीय तथा तथ्याङ्क शास्त्रीय विधि , तालिका, वृतचित्र, लेखचित्रद्वारा विश्लेषण गरिएको छ । कम्प्युटरको विभिन्न आवश्यक प्रोग्रामहरुको सहायताले तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल

विभिन्न क्षेत्रबाट अध्ययनका लागि संकलित तथ्याङ्कहरु प्रारम्भमा जटिल, अव्यवस्थित, असंगठित हुनेहुँदा संकलित कोरा तथ्याङ्कहरुलाई अर्थपूर्ण विश्लेषण गर्न ती तथ्याङ्कहरुको प्रस्तुतिकरण तथा विश्लेषण गर्नु आवश्यक हुन जान्छ । यस परिच्छेदमा मुसहर बालबालिकाको प्राथमिक तहमा पहुँचलाई चर्चा गरिएको छ ।

## ४.१ मुसहर बालबालिकाको प्राथमिक तहको शिक्षामा पहुँच

### ४.१.१ मुसहर बालबालिकाको प्राथमिक तहमा भर्ना स्थिति

कुनै शैक्षिक संस्थाको विभिन्न तहमा शिक्षा हासिल गर्नका लागि समावेश (भर्ति) भएका विद्यार्थीहरुको विवरणलाई भर्ना विवरण भनिन्छ । मुसहर बालबालिकाको प्राथमिक तहमा भार्न स्थिति अध्ययन गर्न रायपुर गा.वि.स.को कच्छु नरप्रताप उच्च मा.वि., दिघवा गा.वि.स.को नेपाल नेपाल रेडक्रस राष्ट्रिय प्राथमिक विद्यालय, सितापुर गा.वि.स.को जनजागरण राष्ट्रिय प्राथमिक विद्यालय इटहर्वा, फत्तेपुर गा.वि.स.को निम्न माध्यामिक विद्यालय सकुबनी र बरमझिया गा.वि.स.को राष्ट्रिय माध्यामिक विद्यालय बनरैत टोललाई लिएको छ ।

रायपुर गा.वि.स.को कच्छु नरप्रताप उच्च मा.वि. सेवा क्षेत्र भित्र रहेका मुसहर बालबालिकाको प्रथमिक तहमा भर्नाको वर्तमान स्थिति यस प्रकार प्रस्तुत गरिएको छ :

तालिका २

श्री कच्छु नरप्रताप उच्च मा.वि.मा प्राथमिक तहमा मुसहर विद्यार्थीहरुको भर्ना विवरण

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | मुसहर विद्यार्थी संख्या | | | मुसहर विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | जम्मा |
| १ | १८ | ३५ | ५३ | २ | ६ | ८ | १५ |
| २ | २४ | ३५ | ५९ | ० | २ | २ | ३ |
| ३ | २३ | ३७ | ६० | १ | ७ | ८ | १३ |
| ४ | २० | ३५ | ५५ | ० | ३ | ३ | ५ |
| ५ | २२ | ४२ | ६४ | ० | २ | २ | ३ |
| जम्मा | १०७ | १८४ | २९१ | ३ | २० | २३ | ८ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिकालाई अध्ययन गर्दा श्री कच्छु नरप्रताप उच्च मा.वि.को प्राथमिक तह कक्षा १ देखि ५ सम्म जम्मा विद्यार्थी संख्या २९१ जना रहेका छन् । त्यस मध्ये मुसहर विद्यार्थीको संख्या २३ जना

अथवा ८ प्रतिशत रहेको छ । मुसहर विद्यार्थीहरुमा छात्रा ३ जना र छात्र २० जना छन् । कक्षगतरुपमा कक्षा १ देखि ५ कक्षा सम्म क्रमशः मुसहर विद्यार्थी संख्या ८ जना, २ जना, ८ जना, ३ जना र २ जना रहेका छन् जसमा छात्राको संख्या कक्षा १ र ३ मा क्रमशः २ जना र १ जना छन् भने कक्षा २, ४ र ५ मा मुसहर छात्राहरुको संख्या सुन्य रहेको छ । यसरी नै मुसहर छात्रहरुको संख्या हेर्दा क्रमशः ६ जना, २ जना, ७ जना, ३ जना र २ जना मात्र रहेको छ । यसरी तुलना गर्दा तल्लो कक्षामा मुसहर विद्यार्थीको संख्या बढि देखिए पनि कक्षा बढ्दै जाँदा मुसहर विद्यार्थीहरुको संख्यामा उल्लेखिय रुपमा कमी हुँदै गएको देखिन्छ । माथिको तालिकाबाट मुसहर विद्यार्थीहरु आफ्नो पढाईलाई निरन्तरता नदिएको पुष्टि हुन्छ ।

यस तालिका १ को विश्लेषण गर्दा कक्षा १ देखि ५ सम्म जम्म २९१ जना विद्यार्थीहरु यस श्री कच्छु नरप्रताप उच्च मा.वि.मा अध्ययनरत छन् । यतिका विद्यार्थी संख्यामा जम्मा २३ जना मुसहर विद्यार्थीहरु अध्ययनरत छन् । कुल विद्यार्थी संख्यामा यो संख्या ज्यादै कम हुन आउँछ अर्थात ७ प्रतिशत विद्यार्थी मुसहर जातका छन् । यसर्थ अन्य जातका विद्यार्थीहरुको प्राथमिक तहमा राम्रै सहभागिता भएको र मुसहर जाताका छात्रछात्राको सहभागिता ज्यादै न्यून भएको पुष्टि हुन आउँछ ।

तालिका ३

नेपाल रेडक्रस राष्ट्रिय प्राथमिक विद्यालय दिघवामा मुसहर विद्यार्थीहरुको भर्ना विवरण

| | जम्मा विद्यार्थी संख्या | | | मुसहर विद्यार्थी संख्या | | | मुसहर विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| कक्षा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | जम्मा |
| १ | १३ | २७ | ४० | २ | ४ | ६ | १५ |
| २ | ९ | १९ | २८ | २ | १ | ३ | १४ |
| ३ | ११ | १८ | २९ | १ | २ | ३ | ११ |
| ४ | १३ | १८ | ३१ | १ | १ | २ | ६ |
| ५ | ८ | १६ | २४ | ० | १ | १ | ४ |
| जम्मा | ५४ | ९८ | १५२ | ६ | ९ | १५ | १० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिकालाई अध्ययन गर्दा श्री नेपाल रेडक्रस राष्ट्रिय प्राथमिक विद्यालयको कक्ष १ देखि ५ सम्म जम्म विद्यार्थी संख्या १५२ जना रहेका छन् । त्यस मध्ये मुसहर विद्यार्थीको संख्या १५ जना अथवा १० प्रतिशत रहेको छ । मुसहर विद्यार्थीहरुमा छात्रा ६ जना र छात्र ९ जना छन् । कक्षागतरुपमा कक्षा १ देखि ५ कक्षा सम्म क्रमशः मुसहर विद्यार्थी संख्या ६ जना, ३ जना, ३ जना, २ जना र १ जना रहेका छन् जसमा छात्राको संख्या कक्षा १, २, ३ र ४ मा क्रमशः २ जना, २

जना, १ जना र १ जना छन् भने कक्षा ५ मा मुसहर छात्राहरुको संख्या सुन्य रहेको छ। यसरी नै मुसहर छात्रहरुको संख्या हेर्दा क्रमशः १ जना, १ जना, २ जना, १ जना र १ जना मात्र रहेको छ। यसरी तुलना गर्दा तल्लो कक्षामा मुसहर विद्यार्थीको संख्या बढि देखिए पनि कक्षा बढ्दै जाँदा मुसहर विद्यार्थीहरुको संख्यामा उल्लेखिय रुपमा कमी हुँदै गएको देखिन्छ। माथिको तालिकाबाट मुसहर विद्यार्थीहरु आफ्नो पढाईलाई निरन्तरता नदिएको प्रस्ट हुन आउँछ।

यस तालिका २ को विश्लेषण गर्दा कक्षा १ देखि ५ सम्म जम्म १५२ जना विद्यार्थीहरु यस श्री नेपाल रेडक्रस राष्ट्रिय प्राथमिक विद्यालय मा अध्ययनरत छन्। यतिका विद्यार्थी संख्यामा जम्मा १५ जना मुसहर विद्यार्थीहरु अध्ययनरत छन्। कुल विद्यार्थी संख्यामा यो संख्या ज्यादै कम हुन आउँछ अर्थात १० प्रतिशत विद्यार्थी मुसहर जातका छन्। यसर्थ अन्य जातका विद्यार्थीहरुको प्राथमिक तहमा राम्रै सहभागिता भएको र मुसहर जाताका छात्रछात्राको सहभागिता ज्यादै न्यून भएको पुष्टि हुन आउँछ।

तालिका ४

जनजागरण राष्ट्रिय प्राथमिक विद्यालय इटहर्वा सितापुरमा मुसहर विद्यार्थीहरुको भर्ना विवरण

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | मुसहर विद्यार्थी संख्या | | | मुसहर विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | जम्मा |
| १ | ४३ | ५१ | ९४ | ३ | ५ | ८ | ८.५ |
| २ | २४ | ४२ | ६६ | १ | २ | ३ | ४.५ |
| ३ | २१ | ३४ | ५५ | ० | ३ | ३ | ५.४ |
| ४ | १६ | २३ | ३९ | १ | १ | २ | ५.१ |
| ५ | १३ | १८ | ३१ | १ | १ | २ | ६.४ |
| जम्मा | ११७ | १६८ | २८५ | ६ | १२ | १८ | ६.३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका नं. ३ लाई अध्ययन गर्दा श्री जनजागरण राष्ट्रिय प्राथमिक विद्यालयको प्राथमिक तहमा जम्म विद्यार्थी संख्या २८५ जना रहेका छन्। त्यसमा मुसहर विद्यार्थीको संख्या १८ जना अथवा ६.३ प्रतिशत मात्र रहेको छ। मुसहर विद्यार्थीहरुमा छात्रा ६ जना र छात्र १२ जना छन्। कक्षागतरुपमा कक्षा १ देखि ५ कक्षा सम्म क्रमशः मुसहर विद्यार्थी संख्या ८ जना, ३ जना, ३ जना, २ जना र २ जना रहेका छन् जसमा छात्राको संख्या कक्षा १, २, ४ र ५ मा क्रमशः ३ जना, १ जना, १ जना र १ जना छन् भने कक्षा ३ मा मुसहर छात्राहरुको संख्या सुन्य रहेको छ। त्यसैगरी मुसहर छात्रहरुको संख्या हेर्दा क्रमशः ५ जना, २ जना, ३ जना, १ जना र १ जना मात्र रहेको छ।

यसरी हेर्दा तल्लो कक्षामा मुसहर विद्यार्थीको भर्नादर बढि देखिन्छ भने पछि कक्षा बढ्दै जाँदा मुसहर विद्यार्थीहरुको सं उल्लेखिय रुपमा कमी हुँदै गएको देखिन्छ । माथिको तालिकाबाट मुसहर विद्यार्थीहरु आफ्नो पढाई बिचमै छोड्ने गरेको कुरा प्रस्ट हुन आउँछ ।

तालिका ५

निम्न माध्यामिक विद्यालय सकुबनी फत्तेपुरमा मुसहर विद्यार्थीहरुको भर्ना विवरण

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | मुसहर विद्यार्थी संख्या | | | मुसहर विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | जम्मा |
| १ | २२ | ४० | ६२ | ८ | ९ | १७ | २७ |
| २ | १८ | २० | ३८ | ५ | ६ | ११ | २९ |
| ३ | २१ | १९ | ४० | ४ | ८ | १२ | ३० |
| ४ | १३ | १७ | ३० | ४ | ५ | ९ | ३० |
| ५ | १९ | २५ | ४४ | २ | ५ | ७ | १६ |
| जम्मा | ९३ | १२१ | २१४ | २३ | ३३ | ५६ | २६ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिकालाई अध्ययन गर्दा श्री निम्न माध्यामिक विद्यालयको प्राथमिक तहमा जम्म विद्यार्थी संख्या २१४ जना रहेका छन् । त्यसमा मुसहर विद्यार्थीको संख्या ५६ जना अथवा २६ प्रतिशत रहेको छ । मुसहर विद्यार्थीहरुमा छात्रा २३ जना र छात्र ३३ जना छन् । कक्षगतरुपमा कक्षा १ देखि ५ कक्षा सम्म क्रमश: मुसहर विद्यार्थी संख्या १७ जना, ११ जना, १२ जना, ९ जना र ७ जना रहेका छन् जसमा छात्राको संख्या क्रमशः ८ जना, ५ जना, ४ जना, ४ जना र २ जना छन् भने मुसहर छात्रहरुको संख्या हेर्दा क्रमशः ९ जना, ६ जना, ८ जना, ५ जना र ५ जना रहेको छ । छात्रहरुको तुलनामा भन्दा छात्राहरुको संख्या कम रहेको छ । यसरी हेर्दा तल्लो कक्षामा मुसहर विद्यार्थीको भर्नादर बढि देखिन्छ भने पछि कक्षा बढ्दै जाँदा मुसहर विद्यार्थीहरुको सख्यां उल्लेखनीय रुपमा कमी हुँदै गएको देखिन्छ । माथीको तालिकाबाट मुसहर विद्यार्थीहरु आफ्नो पढाई बिचमै छोड्ने गरेको कुरा प्रस्ट हुन आउँछ । यसर्थ अन्य जातका विद्यार्थीहरुको प्राथमिक तहमा राम्रै सहभागिता भएको र मुसहर जाताका छात्रछात्राको सहभागिता ज्यादै न्यून हुँदै गएको पुष्टि हुन आउँछ ।

तालिका ६

राष्ट्रिय माध्यामिक विद्यालय बनरैत टोल, बरमझियामा मुसहर विद्यार्थीहरुको भर्ना विवरण

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | मुसहर विद्यार्थी संख्या | | | मुसहर विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | जम्मा |
| १ | २४ | २८ | ५२ | ४ | ६ | १० | १९ |
| २ | २१ | २८ | ४९ | ३ | २ | ५ | १० |
| ३ | २३ | ३७ | ६० | २ | ४ | ६ | १० |
| ४ | १७ | ३६ | ५३ | १ | १ | २ | ४ |
| ५ | १७ | २८ | ४५ | १ | १ | २ | ४ |
| जम्मा | १०२ | १५७ | २५९ | ११ | १४ | २५ | १० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका ५ लाई अध्ययन गर्दा श्री राष्ट्रिय माध्यामिक विद्यालयमा जम्मा विद्यार्थी संख्या २५९ जना रहेका छन् । त्यसमा मुसहर विद्यार्थीको संख्या २५ जना अथवा १० प्रतिशत रहेको छ । मुसहर विद्यार्थीहरुमा छात्रा ११ जना र छात्र १४ जना छन् । कक्षागत रुपमा कक्षा १ देखि ५ कक्षा सम्म क्रमशः मुसहर विद्यार्थी संख्या १० जना, ५ जना, ६ जना, २ जना र २ जना रहेका छन् जसमा छात्राको संख्या क्रमशः ४ जना, ३ जना, २ जना, १ जना र १ जना छन् भने मुसहर छात्रहरुको संख्या हेर्दा क्रमशः ६ जना, २ जना, ४ जना, १ जना र १ जना रहेको छ । छात्रहरुको तुलनामा भन्दा छात्राहरुको संख्या कम रहेको छ । यसरी हेर्दा तल्लो कक्षामा मुसहर विद्यार्थीको भर्नादर बढि देखिन्छ भने पछि कक्षा बढ्दै जाँदा मुसहर विद्यार्थीहरुको सख्यां उल्लेखिय रुपमा कमी हुँदै गएको देखिन्छ । माथिको तालिकाबाट मुसहर विद्यार्थीहरु आफ्नो पढाई बिचमै छोड्ने गरेको कुरा प्रस्ट हुन आउँछ । यसर्थ अन्य जातका विद्यार्थीहरुको प्राथमिक तहमा राम्रै सहभागिता भएको र मुसहर जातका छात्रछात्राको सहभागिता ज्यादै न्यून हुँदै गएको पुष्टि हुन आउँछ ।

तालिका ७

अध्ययन क्षेत्रका पाँच वटै विद्यालयमा कक्षागत मुसहर विद्यार्थीहरुको भर्ना विवरण

| कक्षा | जम्मा विद्यार्थी संख्या | | | मुसहर विद्यार्थी संख्या | | | मुसहर विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | जम्मा |
| १ | १२० | १८१ | ३०१ | १९ | ३० | ४९ | १६ |
| २ | ९६ | १४४ | २४० | ११ | १३ | २४ | १० |
| ३ | ९९ | १४५ | २४४ | ८ | २४ | ३२ | १३ |
| ४ | ७९ | १२९ | २०८ | ७ | ११ | १८ | ९ |
| ५ | ७९ | १२९ | २०८ | ४ | १० | १४ | ७ |
| जम्मा | ४७३ | ७२८ | १२०१ | ४९ | ८८ | १३७ | ११ |

स्रोतः तालिका १, २, ३, ४ र ५ बाट

तालिका ८

अध्ययन क्षेत्रका पाँच वटै विद्यालयमा मुसहर विद्यार्थीहरुको भर्ना विवरण

| विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | | | मुसहर विद्यार्थी संख्या | | | मुसहर विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | जम्मा |
| कच्छु नरप्रताप उच्च मा.वि.रायपुर | १०७ | १८४ | २९१ | ३ | २० | २३ | ८ |
| नेपाल रेडक्रस रा.प्रा.वि. दिघवा | ५४ | ९८ | १५२ | ६ | ९ | १५ | १० |
| जनजागरण रा.प्रा.वि. इटहर्वा | ११७ | १६८ | २८५ | ६ | १२ | १८ | ६ |
| नि.मा.वि.सकुबनी, फत्तेपुर | ९३ | १२१ | २१४ | २३ | ३३ | ५६ | २६ |
| रा.मा.वि.बरमझिया | १०२ | १५७ | २५९ | ११ | १४ | २५ | १० |
| जम्मा | ४७३ | ७२८ | १२०१ | ४९ | ८८ | १३७ | ११ |

स्रोतः तालिका १, २, ३, ४ र ५ बाट

अन्त्यमा माथिकाका पाँचवटै तालिको साराशं खिच्दा तालिका ६ र ७ तयार हुन आउँछ। यी तालिकाहरुलाई अध्ययन गर्दा अध्ययन क्षेत्रका पाँच वटै विद्यालयको प्राथमिक तहमा जम्मा विद्यार्थी संख्या १२०१ जना रहेका छन्। त्यसमा मुसहर विद्यार्थीको संख्या १३७ जना अथवा ११ प्रतिशत मात्र रहेको छ। मुसहर विद्यार्थीहरुमा छात्रा ४९ जना र छात्र ८८ जना छन्। कक्षागत रुपमा कक्षा १ देखि ५ कक्षा सम्म क्रमशः मुसहर विद्यार्थी संख्या ४९ जना, २४ जना, ३२ जना, १८ जना र १४ जना रहेका छन् जसमा छात्राको संख्या क्रमशः १९ जना, ११ जना, ८ जना, ७ जना र ४ जना छन् भने मुसहर छात्रहरुको संख्या हेर्दा क्रमशः ३० जना, १३ जना, २४ जना, ११ जना र १० जना रहेको छ। छात्रहरुको तुलनामा छात्राहरुको संख्या कम रहेको छ। यसरी हेर्दा तल्लो कक्षामा मुसहर विद्यार्थीको भर्नादर बढि देखिन्छ भने पछि कक्षा बढ्दै जाँदा मुसहर विद्यार्थीहरुको सख्यां उल्लेखिय रुपमा कमी हुँदै गएको देखिन्छ। माथिको तालिकाबाट मुसहर विद्यार्थीहरु आफ्नो पढाई बिचमै छोड्ने गरेको कुरा प्रस्ट हुन आउँछ। यसर्थ अन्य जातका विद्यार्थीहरुको प्राथमिक तहमा राम्रै सहभागिता भएको र मुसहर समुदायका छात्रछात्राको सहभागिता ज्यादै न्यून हुँदै गएको पुष्टि हुन आउँछ।

## ४.१.२ विद्यालय जाने मुसहर बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर

अध्ययनको क्रममा विद्यालय जाने मुसहर बालबालिकोहरुको शैक्षिक उपलब्धि स्तर जान्नको लागि १५ जना विद्यालय जाने मुसहर बालबालिकाहरुसंग सोधपुछ गरिएको थियो। ४० प्रतिशत (१५ मध्ये ६जना) मुसहर बालबालिकाहरु प्रोमोटेड पास भएको पाईयो। यसमा बालबालिकाहरु एक वा

दुई विषय लगाएर पास गरेको पाईन्छ। २७ प्रतिशत (१५ मध्ये ४ जना) बालबालिकाहरु सन्तोष जनक पास गरेको छ। यसै गरी १३ प्रतिशत (१५ मध्ये २ जना) बालबालबालिकाहरु १० औं स्थान सम्म पर्न सफल भएको भने २० प्रतिशत मुसहर बालबालिकाहरु प्रथम /द्वितिय / तितृय श्रेणी मा पास हुने गरेको प्रस्ट हुन्छ। समग्र रुपमा हेर्दा मुसहर बालबालिको शैक्षिक उपलब्धि स्तर त्यती राम्रो भएको पाईदैन। यस कुरालाई तालको तालिका र वृत चित्रले अझ बढि प्रष्ट पारेको छ।


तालिका ९

विद्यालय जाने मुसहर बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर

| शैक्षिक उपलब्धि स्तर | विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|
| प्रथम /द्वितिय / तितृय श्रेणी | ३ | २० |
| १० औं स्थाम सम्मको | २ | १३ |
| संतोष जनाक पास | ४ | २७ |
| प्रोमोटेड पास | ६ | ४० |
| जम्मा | १५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

चित्र -१



## ४.२ मुसहर बालबालिकाहरुको प्राथमिक तहमा पहुँच सम्बन्धी समस्याहरु

प्रस्तुत शोधपत्रको अध्ययन क्षेत्र सप्तरी जिल्लाको पाँचवटा गा.वि.स.को पाँचवटा विद्यालय लिइएको छ। रायपुर गा.वि.स.को कच्छुनरप्रताप उच्च मा.वि, लिघवा गा.वि.स.को नेपाल रेडक्रस राष्ट्रिय प्रा.वि., सितापुर गा.वि.स.को जनजागरण रा.प्रा.वि., फत्तेपुर गा.वि.स.को नि.मा.वि. सकुवनी र बरमझिया गा.वि.स.को राष्ट्रिय मा.वि. रहेको छ। ती विद्यालयहरुका प्राथमिक तहमा जम्मा विद्यार्थी संख्या १२०१ रहेको छ भने त्यसमध्ये मुसहर विद्यार्थी संख्या १३७ अर्थात १० प्रतिशत छ र त्यस मध्ये मुसहर छात्रा संख्या ४९ अर्थात १० प्रतिशत छ भने मुसहर छात्र संख्या ८८ अर्थात १२ प्रतिशत छ। अन्य जातका विद्यार्थी १०६४ रहेका छन्। यसरी अन्य जातका बालबालिकाको तुलनामा मुसहर विद्यार्थीको विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दर बढी र उत्तीर्ण दर कम भएका कारण अन्य जातका विद्यार्थीको तुलनामा मुसहर विद्यार्थीको शैक्षिक उपलब्धी कम देखिन्छ। अर्थात् यिनीहरुमा बढी मात्रामा शैक्षिक क्षति भएको प्रष्ट हुन्छ।

### ४.२.१ मुसहर बालबालिकाहरु विद्यालय नपठाउने / नजाने कारणहरु

स्थालगत अध्ययन तथा अन्तरवार्ताको क्रममा मुसहर बालबालिकाहरु विद्यालय नपठाउने / नजाने कारणहरु केलाउँदा धेरै रहेकाछन्। यसमध्ये प्रमुख कारणहरु विद्यालय भर्ना गर्ने, कापी, कलम किन्ने पैसा छैन्, मजदुरी गर्नु परेकोले, घरमा अरु पढेका मानिस छैनन्, घरमा भाई वहिनी, गाई वस्तु हेर्नु पर्नु भएकोले, अरुको घरमा काम गर्न जानु पर्ने भएकोले (हरुवा चरुवा), जन्मदर्ता नभएकोले/ नागरिकता नभएकोले, पढ्नु पर्छ भन्ने थाहा नभएकाले, घरबाट विद्यालय टाढा छ रहेकाछन्।


तलिका १०

मुसहर बालबालिकाहरु विद्यालय नजाने कारणहरु

| मुसहर बालबालिकाहरु विद्यालय नजाने कारणहरु | विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|
| घरबाट विद्यालय टाढा छ। | १ | ७ |
| घरमा अरु पढेका मानिस छैनन्। | ३ | २० |
| पढ्नु पर्छ भन्ने थाहा नभएकाले | १ | ७ |
| विद्यालय भर्ना गर्ने, कापी, कलम किन्ने पैसा छैन्। | ३ | २० |
| घरमा भाई वहिनी, गाई वस्तु हेर्नु पर्नु भएकोले | १ | ७ |
| अरुको घरमा काम गर्ने जानु पर्ने भएकोले (हरुवा चरुवा) | २ | १३ |
| पढेर के काम छ र ? | २ | १३ |
| जन्मदर्ता नभएकोले/ नागरिकता नभएकोले | २ | १३ |
| जम्मा | १५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

चित्र २




स्थलगत अध्ययनको क्रममा अध्ययन क्षेत्रका ५ वटा गा.वि.स.का १५ जना विद्यालय नजाने मुसहर बालबालिकासंग र १५ जना मुसहर अभिभावकहरुसंग विद्यालय किन नगएको /नपठाएको प्रश्न सोधपुछ गरिएको थियो । माथिको वृत चित्रहरु अध्ययन गर्दा २० प्रतिशत बालबालिकाहरु र २० प्रतिशत अभिभावकले विद्यालय भर्ना गर्ने, कापी, कलम किन्ने पैसा नभएको कारण बताउनु भयो । त्यसैगरी अर्का २० प्रतिशत बालबालिकाहरु र ७ प्रतिशत अभिभावकले घरमा अरु पढेका मानिसनभएको कारण बतउनु भयो । १३ प्रतिशत बालबालिकाहरु र १३ प्रतिशत अभिभावकले भने उनीहरु अरुको घरमा काम गर्न जानुपर्ने बताउनु भयो । १३ प्रतिशत बालबालिकाले पढेर के काम छ र ? भन्ने जवाफ दिनुभयो । एवंम प्रकारले १३ प्रतिशत बालबाललिकाले र १३ प्रतिशत आभिभावकले जन्मदर्ता / नागरिकता नभएको कारण बताउनु भयो । यस्तै ७ प्रतिशत बालबालिकाहरु र ७ प्रतिशत अभिभावकको जवाफ घरमा भाई वहिनी, गाई वस्तु हेर्नु पर्नु  आएको थियो । ७ प्रतिशत बालबालिका र १३ प्रतिशत अभिभावकले पढ्नु पर्छ भन्ने थाहा नभएको जवाफ दिनु भएको थियो । यसै गरी ७ प्रतिशत बालबालिका र ७ प्रतिशत अभिभावकले घरबाट विद्यालय टाढा छ भन्ने कारण बताउनु भएको थियो । २० प्रतिशत अभिभावकले मजदुरी गर्नु पर्ने जवाफ दिनुभयो ।

## ४.२.२ मुसहर बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर न्यून हुने कारणहरु

मुसहर बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर असल नहुनुका कारणहरु पत्तालगाउन १५ जना मुसहर बालबाकलिकाहरुसंग प्रश्न सोधिएको थियो । यसलाई तलको चित्रमार्फत प्रस्तुत गरिएको छ । यसमा २० प्रतिशतले मजदुरी गर्नु परेको कारण बताउनु भयो  भने अर्को २० प्रतिशतले घरमा

पढाउने मानिस छैन  बताउनु भयो । २०/२० प्रतिशतले क्रमशः विद्यालय नियमित जाँदिन र घरमा पढ्नका लागि समय मिल्दैन भन्ने बताउनु भयो । एवम् प्रकारले १३ प्रतिशतले घरमा काम गर्नु पर्छ र ७ प्रतिशत बालबालिकाले गृहकार्य गर्दैन भन्ने बताउनु भयो ।


तालिका ११

मुसहर बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर न्यून हुने कारणहरु

| शैक्षिक उपलब्धि स्तर न्यून हुने कारणहरु | विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|
| विद्यालय नियमित जाँदिन । | ३ | २० |
| गृहकार्य गर्दैन । | १ | ७ |
| घरममा पढ्नका लागि समय मिल्दैन । | ३ | २० |
| घरमा काम गनु पर्छ । | २ | १३ |
| मजदरी गर्नु परेकोले । | ३ | २० |
| घरमा पढाउने मानिस छैन् । | ३ | २० |
| जम्मा | १५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७१

चित्र -३



### ४.२.३ मुसहर बालबालिकाहरुले विद्यालय छाड्ने प्रमुख कारणहरु

अनुसंधानको क्रममा मुसहर बालबालिकाहरुले विद्यालय छाड्ने कारणहरुमा विद्यालय भर्ना गर्ने, कापी, कलम किन्ने पैसा छैन् , टिफिन/ खाजाको व्यवस्था नभएकोले, घरमा भाई वहिनी, गाई वस्तु हेर्नु पर्ने भएकोले, भाषको समस्याले, छोरीले पढेर के काम ?, अरुको घरमा काम गर्ने जानु पर्ने भएकोले (हरुवा चरुवा), विद्यालयमा जातिय विभेद भएकोले । घरबाट विद्यालय टाढा छ । घरमा अरु पढेका मानिस छैनन्  भन्ने बताउनु भयो । यस मध्ये प्रमुख र टडकारो रुपमा देखापरेका समस्याहरु घरमा भाई वहिनी, गाई वस्तु हेर्नु पर्ने भएकोले, भाषको समस्याले, छोरीले पढेर के काम ? भएको कुरा तलको वृत चित्रको अध्ययनबाट बुझ्न सकिन्छ ।


तालिका १२

मुसहर बालबालिकाहरुले विद्यालय छाड्ने प्रमुख कारणहरु

| मुसहर बालबालिकाहरुले विद्यालय छाड्ने प्रमुख कारणहरु | विद्यार्थी संख्या | प्रतिशत |
|---|---|---|
| घरबाट विद्यालय टाढा छ । | १ | ७ |
| घरमा अरु पढेका मानिस छैनन् । | १ | ७ |
| छोरीले पढेर के काम ? | २ | १३ |
| विद्यालय भर्ना गर्ने, कापी, कलम किन्ने पैसा छैन् । | ३ | २० |
| घरमा भाई वहिनी, गाई वस्तु हेर्नु पर्ने भएकोले | २ | १३ |
| अरुको घरमा काम गर्ने जानु पर्ने भएकोले (हरुवा चरुवा) | १ | ७ |
| भाषाको समस्याले | २ | १३ |
| टिफिन/ खाजाको व्यवस्था नभएकोले | ३ | २० |
| विद्यालयमा जातिय विभेद भएकोले । | ० | ० |
| जम्मा | १५ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७१

चित्र -४



मुसहर विद्यार्थीको शिक्षामा पहुँच सम्बन्धी समस्या कै कारणले गर्दा नै शैक्षिक उपलब्धि कम भएको तथ्य अध्ययनले देखाएको छ । यसर्थ प्राथमिक तहमा मुसहर विद्यार्थीहरुको पहुँच नपुग्नुका कारणहरु प्राप्त गर्न सम्बन्धित विद्यालयका प्र.अ.,शिक्षक, मुसहर विद्यार्थी, मुसहर अभिभावक, गैरसरकारी संस्थाका प्रतिनिधि, बुद्धिजीवी, भर्ना नभएका मुसहर विद्यार्थीहरु आदिसँग प्रश्नोत्तर, समूह छलफल तथा अन्तरक्रिया गर्नुको साथ - साथै स्थलगत अध्ययन गरी त्यसबाट प्राप्त तथ्यहरुका आधारमा प्राथमिक तहमा मुसहर बालबालिकाको पहुँच सम्बन्धी समस्याका अन्य कारणहरु यस प्रकार प्रस्तुत गरिएको छ :

१. आर्थिक कारण

अध्ययन क्षेत्रका पाँचवटा विद्यालयको प्राथमिक तहमा अध्ययन गर्ने मुसहर जातिहरुको आर्थिक अवस्था निम्नस्तरको रहेको छ । ति मुसहर विद्यार्थीहरुको अभिभावकहरु कृषि पेशाका साथै मजदुरी र परम्परागत पेशा गरेर जीवन निर्वाह गरिरहेका छन् । कृषि पेसामा आश्रित हुनेहरुको पनि आफ्नो जग्गा जमिन छैन । जमिनको असमान वितरण तथा परम्परागत कृषि प्रणालीको कारण वर्षभरी पुग्नेगरी खाद्यान्न जुटाउन नसकेको अवस्था छ ।

अध्ययन क्षेत्रमा प्राथमिक तहमा भर्ना भएका बालबालिकाको संख्या १२०१ छ जसमा छात्राहरुको संख्या ४७३ छ भने छात्रको संख्या ७२८ रहेको छ । जसमध्ये मुसहर छात्रा ४९ जना अर्थात १० प्रतिशत मात्र छात्राहरु र ८८ जना मुसहर छात्रमा प्राथमिक शिक्षाको पहुँच पुगेको छ । प्राथमिक तहमा भर्ना भएका मुसहर विद्यार्थीहरुको शैक्षिक उपलब्धि पनि अन्य जातिको तुलनामा कम देखिन्छ । उनीहरुको विद्यालयमा नियमित उपस्थिति पनि अन्य जातिको तुलनामा कम रहेको देखिन्छ । गरीबीको कारण घरमा खान लाउन नपुगी अर्काको घरमा मजदुरी गर्नुपर्ने तथा घरायसी काममा ( पेशागत काममा) बुबाआमालाई सहयोग गर्नुपर्ने भएकाले मुसहर केटाकेटी प्राथमिक शिक्षामा पनि जान सकेका छैनन् । प्राथमिक तहमा भर्ना भएकाहरुले पनि आर्थिक समस्याका कारण तह नै पार नगरी बिचैमा पढाई छाड्ने गरेको तथ्य शिक्षक, अभिभावकबाट ज्ञात हुन आएको छ । सबैको लागि शिक्षा परियोजना अर्न्तगत विद्यार्थी वित्तिय सहयोग कार्यक्रमद्धारा मुसहर छात्रवृतिको व्यवस्था भएता पनि विद्यालय पोशाक, परीक्षा शुल्क, मासीक शूल्क, पाठ्यपुस्तक, कापी, कलम आदि जस्ता कुरामा लगानी गर्न नसकी शिक्षा प्राप्त गर्न अवरोध सृजना भएको देखिन्छ । अर्काको घरमा ज्याला मजदुरी नगरी खान नपुग्ने, बाबुआमालाई काममा सहयोग गर्नुपर्ने हुनाले घरमा पढ्ने वातावरण नहुने हुनाले पनि मुसहर छात्राहरुको शिक्षामा अवरोध सृजना भएको छ । श्रम विभाजनको नाममा

मुसहरहरुलाई उनीहरुले गरेको श्रमको उचित ज्याला नदिई शारीरिक श्रम गर्न बाध्य पार्ने गरिन्छ जसको परिणाम स्वरुप उनीहरुको कठोर श्रमले उचित मूल्य नपाई दिनानुदिन आर्थिक अवस्था नाजुक भै रहेको छ । यसरी आर्थिक रुपमा असक्ष्म, निर्वल भएका कारणले शिक्षामा नकारात्मक प्रभाव पारेको छ । आधुनिक र वैज्ञानिक शिक्षाबाट बन्चित भएका कारण उनीहरुका कला, कौशल र सीपहरु सुसुप्तावस्थामा छन् ।

सबैका लागि शिक्षा , शिक्षा निस्पक्षता, जिवन पर्यन्त शिक्षा, खुल्ला सिकाई आदि शिक्षामा आएका आधुनिक चिन्तनले पनि मुसहरहरुको शैक्षिक अवस्था माथि उकास्ने प्रयास गरेता पनि पूर्ण सफलता पाउन सकेको छैनन् । मुसहरहरुले अझै शिक्षामा अवसर पाउन सकेका छैनन् । यसरी आर्थिक समस्याका कारणले मुसहर छात्राहरुको प्राथमिक शिक्षामा पहुँच अन्य जातिहरु भन्दा पछि परेको देखिन्छ ।

२. सामाजिक - सांस्कृतिक कारण

मुसहर जातिको शिक्षा पहुँच नपुग्नुको कारणमा एक मुख्य कारण सामाजिक सांस्कृतिक कारण पनि हो । परापूर्वकालदेखि नै माथिल्लो जातलाई तल्लो जातिले आदर सम्मान गर्दै आएका कारणले अझै पनि कथित तल्लोजातिको माथिल्लो जातिलाई सम्मान गर्नु परेको छ । समाजमा जातपात, छुवाछुत र उचोनिचोको भावना पूर्णरुपमा समाप्त भएको छैन । समाजका सांस्कृतिक संस्कारहरु जस्तै : विवाह,व्रतबन्ध,पूजा,आदि कार्यहरुमा मुसहर जातिलाई छुट्टै दृष्टिकोणहरुबाट हेरिन्छ । यसैगरी शैक्षिक संस्थामा पनि मुसहर जातका विद्यार्थीहरु अन्य जातका विद्यार्थीहरुसँग बसेर पढ्न हिच्किचाई रहेको देखिन्छ । मुसहर जातका विद्यार्थीहरुले प्रायः आफ्नो जातका साथीहरुले खोजी गरेको पाईन्छ ।

समाजले मुसहर जातिप्रति हेर्ने दृष्टिकोण नकारात्मक भएकै कारण मुसहर बालबालिकाहरुले घरदेखी लिएर शैक्षिक संस्थासम्म उपयुक्त शैक्षिक वातावरण पाउन सकेका छैनन् । घरायसी वातावरणले पनि मुसहर बालबालिकाहरुलाई विद्यालयमा गई पठनपाठन कार्यमा सहभागी हुन बाधा पुऱ्याइरहेको देखिन्छ । घरायसी काममा व्यस्तहुनुपर्ने भएकाले मुसहर बालबालिकाहरु धेरै गयल हुने, बिचैमा विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने तथा जाँचमा अनुत्तीर्ण हुनेगरेको देखिन्छ । यसरी मुसहर छात्राहरुको शैक्षिक सहभागीता न्युन हुनुमा सामाजिक - साँस्कृतिक पक्ष पनि एक कारक तत्व हो ।

३. चेतनाको कमी

मुसहर जातिमा चेतनाको अभाव छ । धेरैजसो अभिभावकहरु निरक्षर र केही सामान्य साक्षर मात्र भएका कारण उनीहरुलाई आफुले पाउनुपर्ने हक, अधिकारको बोध नै छैन् । मुसहरहरुले आफैले आफैलाई चिन्ने सचेतीकरणको शिक्षा पाउन सकेका छैनन् । पुस्तौदेखि आफुलाई मुसहर , अछुत र तल्लोस्तरका भनेर चिनिदै आएका मुसहरहरुको सोचमा परिवर्तन आउन सकेको छैन ।

समाजमा जातिय विभेद निर्मूल हुन सकेको छैन क्रमशः सुधार हुदै जानेक्रममा मात्र छ । अधिकांश मुसहर अभिभावकहरुमा छोराछोरीलाई किन पढाउने, कुन विषय पढाउदा के हुन्छ ? कुन विषय कहाँ पढाई हुन्छ ?, आदि कुराहरुको जानकारी नै छैन । अन्य जातका केटाकेटीहरु जतिकै समान अधिकार प्राप्त गर्ने अवसर, विशेष छात्रवृत्तिको अवसर आदि पक्षसँगको जानकारी न्यून भएकाले पनि अधिकांश मुसहर बालबालिकाहरुको शिक्षामा पहुँच पुग्न सकेको छैन ।

४. शिक्षा पद्धति

वर्तमान शिक्षा पद्धतिले मुसहर आफ्नो शिक्षामा पहुँच पुऱ्याउन नसकेको देखिन्छ । मुसहर लगायतका पिछडिएका विद्यार्थीलाई प्रोत्साहनको कमी, आर्थिक सहयोगको अभाव र छात्रवृति वितरणमा समेत अनियमितता रहेको देखिन्छ । जातिय भेदभाव, छुवाछुत र उचनिचको भावना हटाउन सहयोग पुऱ्याउने खालका सम- सामयिक विषयवस्तु विद्यालय तहदेखि नै पाठ्यक्रममा नसमेटिनु, सचेतीकरणको शिक्षा प्रदान गर्न नसक्नु आदि कारणले गर्दा मुसहर जातिको शिक्षामा पहुँच वृद्धि गर्न वर्तमान शिक्षा पद्धति असफल देखिएको छ ।

## ४.३. मुसहर बालबालिकाको प्रथमिक शिक्षामा पहुँच बढाउन चालिएका प्रयासहरु

शिक्षामा पहुँच पुग्न नसकेका मुसहर लगायतका पिछडिएका वर्गसम्म शिक्षाको अवसर बढाउन सरकारी स्तरबाट विभिन्न प्रयासहरु भईरहेका छन् तर पनि आशा गरिएको जस्तो उपलब्धि हाँसिल गर्न सकिएको छैन । मुसहर बालबालिकाहरुको शिक्षामा पहुँच सम्बन्धि समस्या समाधान गर्न सरकारी स्तरबाट हालसम्म गरिएका प्रयासहरु यस प्रकार छन् ।

१. दलित छात्रवृति

मुसहर विद्यार्थीहरुलाई दलित छात्रवृति वापत थप आर्थिक सुविधा उपलब्ध गराईएको छ । शैक्षिक क्षेत्रमा मुसहर जातिका बालबालिकाहरुको पहुँच पुऱ्याउन छात्रवृति प्रदान गरिएको छ । राष्ट्रिय

दलित आयोग २०६२ को वर्गीकरणमा परेका मुसहर बालबालिकाहरुलाई पनि पूर्वयोग्यताको योग्यताक्रमका आधारमा छात्रवृति प्रदान गरिदै आएको छ ।

२. गरिब छात्रवृति

प्रत्येक विद्यालयमा अध्ययन गर्ने बालबालिकहरुमध्ये आर्थिक रुपमा पिछडिएका, आर्थिक अवस्था कमजोर भएको भनी स्थानीय निकाय (गा.वि.स. ⁄ न.पा.) को सिफारिस पेश गरेको खण्डमा गरिब छात्रवृति प्रदान गरिदै आएको छ ।

३. अपाङ्ग छात्रवृति

अपाङ्गताको वर्गीकरण समेत राखी प्रमाणित गरी आएका अपाङ्ग बालबालिकहरुलाई शिक्षामा छात्रवृति प्रदान गरिदै आएको छ ।

४. जनजाति छात्रवृति

राष्ट्रिय जनजाति महासंघको वर्गीकरणमा परेका जनजातिका बालबालिकाहरु मध्येबाट अति उपेक्षितदेखि कम उपेक्षितसम्मको प्राथमिकता क्रमको आधारमा यसप्रकारको छात्रवृति प्रदान गरिदै आएको छ ।

५. अन्य कार्यक्रम

मुसहर लगायतका सबै निरक्षर प्रौढहरुलाई साक्षर बनाउन साक्षरता कार्यक्रमहरु, बालबिकास केन्द्रहरुको स्थापना, वैकल्पिक विद्यालय कार्यक्रम, खुल्ला विद्यालय, गृहनी शिक्षा कार्यक्रम आदी संचालन भई रहेका छन् । यस्ता विविध कार्यक्रमबाट पिछडिएका समूदायलाई अगाडी ल्याउने प्रयास गरिएता पनि अन्य जातिहरुले नै बढी फाईदा लिईरहेको अवस्था छ र मुसहरहरुको शैक्षिक अवस्था अन्य जातिको तुलनामा पछाडि नै परिरहेको तथ्य अध्ययनबाट देखिन्छ ।

## ४.४ मुसहर बालबालिकाहरुको प्राथमिक शिक्षामा पहुँच बढाउने उपायहरु

अध्ययनको क्रममा सप्तरी जिल्लाका पाँचवटा गा.वि.स.का मुसहर बालबालिकाको प्राथमिक शिक्षामा पहुँचको वर्तमान स्थिति कस्तो छ ? शिक्षा सम्बन्धि समस्याहरु के - के छन् ? कसरी समाधान गर्न सकिन्छ ?, आदि विषयमा केन्द्रित रहेर अध्ययन गरिएको छ । अध्ययनका क्रममा

मुसहर बालबालिकाहरुको प्राथमिक शिक्षामा न्यून सहभागिता हुनुमा मुख्यकारण कमजोर आर्थिक अवस्था, सामाजिक-साँस्कृतिक कारक, चेतनाको कमी तथा असक्षम शैक्षिक अवस्था आदि देखिए ।

यस अध्ययनको क्रममा समाजका बुद्धिजिवीहरुले मुसहरहरु शिक्षामा पहुँच कम हुनुको प्रमुख करणहरुमा आर्थिक अवस्था कमजोर भएको, पढ्नु पर्छ भन्ने कुरा सम्मान्य रुपमा लिएको, पढेर पनि जागिर पाईदैन भन्ने कमजोर मानसिकता रहेको कुरामा बढि केन्द्रि भएको पाईयो । यसै गरी मुसहरहरु जिविकोपार्जनको कमाई भन्दा माथि उठ्न नसकेको र विलासिताका कुरामा बढि जोड दिएको अवस्था भएको बताउनु भयो ।

यसै सन्दर्भमा गैर सरकारी संस्थाका प्रतिनिधिहरुले मुसहरहरुमा जनचेतनाको कमी, रुढिबादि सोच, परम्परागत रीतिरिवाज, छोरा छोरीलाई पढाएर के काम ? जागिर पाईदैन आदि कुरामा बढि केन्द्रित भएको पाइयो ।

यसर्थ मुसहर जातीको प्राथमिक शिक्षामा पहुँच बढाउन विभिन्न सारेकार वालाहरुले तपसिल बमोजिमको भुमिका निर्वाह गरिदिए अझ राम्रो हुथ्यो :

### मुसहर समुदायका परिवार

क. आफ्ना छोराछोरीलाई नियमित रुपमा विद्यालय पठाउने ।

ख. छोराछारीको लागि घरमा पढ्ने वातावरणको सृजना गर्ने ।

ग. बालकालिकालाई अरुको घरमा काममा वा हरुवा चरुवाको रुपमा नपठाउने ।

घ. नियमित रुपमा विद्यालयका शिक्षकहरुसंग आफ्ना छोराछोरीको पढाईको बारेमा बुझ्ने ।

### शिक्षक

क. मुसहर बालबलिकाहरुलाई शिक्षण सिकाईका क्रममा बढि प्रथमिकता दिने ।

ख. मुसहर बालबालिकाहरुलाई पढाई प्रति जागरुक गराउने किसिमको क्रियाकलापमा जोड दिने ।

ग. मुसहर बालकालिकालाई शिक्षाको महत्व सम्बन्धि जानकारी गराई मार्ग निर्देशान दिने ।

घ. मुसहर अभिभावकहरुलाई जनचेतना जगाउने किसिमको परामर्श दिने ।

### विद्यालय

क. मुसहर बालबलिकाहरुलाई छात्रवृति प्रदान गर्ने ।

ख. मुसहर अभिभावकलाई विद्यालय व्यवस्थापन समितिमा प्रतिनिधित्व गराउने ।

ग. मुसहर अभिभावकका लागि जनचेतना जगाउने किसिमको अन्तरक्रिया आयोजना गर्ने ।

घ. विद्यालयमा मुसहर मैत्री वातावरणको सृजना गर्ने ।

ग.वि.स. / न.पा.

क. मुसहर बालबलिकाहरुलाई लक्षित गरी बजेट विनीयोजन गर्ने ।

ख. मुसहर अभिभावकका लागि जनचेतना मुलक तथा आय आर्जन हुने खाले कार्यक्रमको आयोजना गर्ने ।

ग. विकास निर्माणका काममा मुसहरलाई प्रतिनिधित्व गराउने ।

घ. मुसहर बालबालिकाको बृद्धि विकासका लागि विद्यालयलाई आवश्यक सहयोग गर्ने ।

सरकार

क. विद्यायमा मुसहर शिक्षक शिक्षकाहरुको दरवन्दी कायम गरी नियूक्ति गर्ने ।

ख. मुसहर बालबालिकाको लागि विशेष छात्रवृतिको व्यवस्थापन गर्ने ।

ग. मुसहर बालबालिकाको लागि विद्यालय पोसाक, शैक्षिक सामग्री र निःशुल्क शिक्षाको प्रत्याभुत गर्ने ।

घ. मुसहर बालबालिकाको विशेष संरक्षरण तथा प्रोत्साहन पुरस्कारको व्यवस्थापन गर्ने ।

सामाजिक संस्था

क. मुसहर बालबालिका तथा अभिभावकलाई लक्षित गरी जनचेतना मुलक कर्यक्रमको आयोजना गर्ने ।

ख. मुसहर बालबालिकाको लागि विद्यालय पोसाक तथा शैक्षिक सामग्री व्यवस्थापन गर्ने ।

ग. विद्यालयमा मुसहर मेत्री वातावरणको सृजना गर्न विद्यालयलाई सहयोग गर्ने ।

घ. मुसहरहरुको संरक्षण र सम्बर्द्धनका लागि सरकारसंग समन्वय गर्ने ।

अतः सम्पूर्ण अध्ययनलाई समेटेर हेर्दा मुसहर बालबालिको प्राथमिक शिक्षमा पहुँच बढाउन निम्नलिखित उपायहरु अवलम्बन गर्नुपर्ने देखिन्छ :

१. आर्थिक अवस्थामा सुधार

जबसम्म मुसहर जातिलाई आर्थिक रुपमा बलियो बनाउन सकिदैन तबसम्म उनीहरुलाई उच्च शिक्षाको मूलधारमा समेट्न सकिदैन । मुसहर विद्यार्थीहरुलाई विद्यालयमा ल्याउन तथा टिकाइ राख्न आयमूलक कार्यक्रम मार्फत् उनीहरुको आर्थिक अवस्थामा  सुधार गर्न सहयोग पुऱ्याउनु पर्दछ ।

मुसहरहरुको आर्थिक अवस्था मजबुद पार्नका लागि विभिन्न कार्यक्रमहरु ल्याउनु पर्दछ । स-साना व्यवसायको लागि निर्व्याजी कर्जा उपलब्ध गराउने, पेशागत सिप सुधारका लागि तालिमको व्यवस्था गर्ने, रोजगारीका लागि मुसहर आरक्षणको व्यवस्था गर्ने, पढ्ने सबै मुसहर बालबालिकाहरुलाई छात्रवृति प्रदान गर्ने आदि कार्यहरु गरी सबै एकजुट भई मुसहर जातिको आर्थिक अवस्थामा सुधार ल्याउनु पर्दछ ।

२. सामाजिक-साँस्कृतिक  परिवर्तन गराउने

समाजमा जडो गाडेर बसेको रुढीवाढीता, अन्धविश्वास,जातपात, छुवाछुत, उचनिचको भावनालाई शिक्षाको ज्योति मार्फत निर्मूल पारेर सामाजिक-साँस्कृतिक परिवर्तन गरिएको खण्डमा मात्र मुसहरहरुको शैक्षिक पहुँच वृद्धि गर्न सकिन्छ । भेदभावपूर्ण व्यवहार गर्ने माथि कानुनी रुपमा कडा सजाय दिलाउने, जनचेतनामूलक विभिन्न कार्यक्रहरु  औपचारिक तथा अनौपचारिक माध्यमहरुबाट गाँउ-गाँउ सम्म पुऱ्याउने आदि कार्यहरुद्धारा सामाजिक-साँस्कृतिक जागरण ल्याउनु पर्दछ अनि मात्र प्रत्येक मुसहर परिवारका छोरीहरुको शैक्षिक पहुँचमा  वृद्धि गराउन सकिन्छ ।

३. मुसहरहरुमा चेतना फैल्याउने

सामान्यतया निरक्षर मुसहर अभिभावकहरुमा  आफुले पाउने हक अधिकारको बोध छैन र भएतापनि त्यसलाई वास्ता नगरी  शिक्षामा सहभागीता देखाउदैनन् । यसर्थ उनीहरुको शिक्षाप्रतिको सोचमा परिवर्तन गराउनु आवश्यक छ । शिक्षा व्यक्तिको आधारभूत आवश्यकता हो भन्ने धारणा जागृत गराउनु अपरिहार्य छ । आम मुसहर समुदायलाई  अभिमुखिकरण गर्ने, सचेतीकरण गर्ने, उनीहरुको इच्छा, आवश्यकता अनुसारको कार्यक्रम संचालन गरी मुसहरहरुमा चेतना जागरण गराउनु पर्दछ ।

४. पाठ्यक्रममा समसामयीक परिवर्तन

विद्यालय तहदेखी विभिन्न पाठ्यक्रमहरुमा समग्र पिछडिएका समुदायहरुको उत्थान, हकहित सम्बन्धि विषयवस्तुहरु समयसापेक्ष रुपमा समावेश गर्न सकिएको खण्डमा  मुसहर जातिलाई अगाडि बढाउन सकिन्थ्यो । पाठ्यक्रममा सकेसम्म मुसहर विद्वानहरुको उदाहरण र जीवनीलाई समावेश गर्ने, व्यवहारिक र जीवनउपयोगी पाठ्यक्रम, व्यवसायमा प्रत्यक्ष लाभ पुऱ्याउने खालको पाठ्यक्रम लागु पर्ने देखिन्छ । यसर्थ मुसहर जातिका सीप र प्रविधिलाई फाइदा पुऱ्याउने खालका विषयवस्तु समावेश गरी पाठ्यक्रममा परिमार्जन तथा संशोधन गरिनुपर्दछ ।

५. मुसहर विद्यार्थीलाई प्रोत्साहन

शैक्षिक संस्थामा भर्ना हुने मुसहर विद्यार्थीहरुलाई त्यस शैक्षिक संस्थाले प्रोत्साहन प्रदान गर्नु पर्दछ । उत्कृष्ट हुने, राम्रो नतिजा प्राप्त गर्ने, बढि उपस्थिती हुने लगायतका विभिन्न शैक्षिक कार्यक्रममा राम्रो स्थान प्राप्त गर्ने मुसहर विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप विशेष व्यवस्था गर्नुपर्दछ ।

६. मुसहर शिक्षकको व्यवस्था

मुसहर विद्यार्थीहरुलाई हौसला प्रदान गर्न प्रत्येक विद्यालयमा कम्तिमा एक जना मुसहर शिक्षकको व्यवस्था गर्नुपर्ने हुन्छ । यसो गरिएको खण्डमा मुसहर बालबालिकाहरुको इच्छा, चाहना र आवश्यकताको वास्तविक पहिचान गरि शैक्षिक पहुँचमा वृद्धि गराउन सकिन्छ ।

७. अन्य विविध व्यवस्था गर्ने

मुसहर बालबालिकाहरुको शैक्षिक पहुँच वृद्धि गर्न अन्य विविध व्यवस्था गर्न सकिएको खण्डमा आशा गरिएको सफलता प्राप्त गर्न सकिन्छ । जस्तै : मुसहरलाई रोजगारको व्यवस्था, विशेष तालिमको व्यवस्था, शिक्षक अभिभावक अन्तक्रिया, आदि कार्यक्रमहरुबाट पनि मुसहरहरुको शिक्षामा पहुँच वृद्धि गर्न सकिन्छ ।

# परिच्छेद पाँच : निष्कर्ष तथा सुझावहरु

## ५.१ निष्कर्ष

'मुसहर जातीको प्राथमिक शिक्षामा पहुँच' शीर्षकमा गरिएको यस अनुसनधानबाट निम्नानुसारका निष्कर्षहरु निकालिएको छ र प्राप्त भएका तथ्यहरुलाई  यसप्रकार निष्कर्षको रुपमा प्रस्तुत गरिएको छ :

अध्ययन क्षेत्रका पाँच वटै विद्यालयको प्राथमिक तहमा जम्मा विद्यार्थी संख्या १२०१ जना रहेका छन् । त्यसमा मुसहर विद्यार्थीको संख्या १३७ जना अथवा ११ प्रतिशत मात्र रहेको छ । मुसहर विद्यार्थीहरुमा छात्रा ४९ जना र छात्र ८८ जना छन् । कक्षगतरुपमा कक्षा १ देखि ५ कक्षा सम्म क्रमश: मुसहर विद्यार्थी संख्या ४९ जना, २४ जना, ३२ जना, १८ जना र १४ जना रहेका छन् जसमा छात्राको संख्या क्रमश: १९ जना, ११ जना, ८ जना, ७ जना र ४ जना छन् भने मुसहर छात्रहरुको संख्या हेर्दा क्रमश: ३० जना, १३ जना, २४ जना, ११ जना र १० जना रहेको छ । छात्रहरुको तुलनामा छात्राहरुको संख्या कम रहेको छ । यसरी हेर्दा तल्लो कक्षमा मुसहर विद्यार्थीको भर्नादर बढि देखिन्छ भने पछि कक्षा बढ्दै जाँदा मुसहर विद्यार्थीहरुको सख्यां उल्लेखिय रुपमा कमी हुँदै गएको देखिन्छ । माथीको तालिकाबाट मुसहर विद्यार्थीहरु आफ्नो पढाई बिचमै छोड्ने गरेको कुरा प्रस्ट हुन आउँछ । यसर्थ अन्य जातका विद्यार्थीहरुको प्राथमिक तहमा राम्रै सहभागिता भएको र मुसहर समुदायका छात्रछात्राको सहभागिता ज्यादै न्यून हुँदै गएको पुष्टि हुन आउँछ ।

गरीबीको कारण घरमा खान लाउन नपुगी अर्काको घरमा मजदुरी गर्नुपर्ने तथा घरायसी काममा ( पेशागत काममा) बुबाआमालाई सहयोग गर्नुपर्ने भएकाले मुसहर केटाकेटी प्राथमिक शिक्षामा पनि जान सकेका छैनन् । प्राथमिक तहमा भर्ना  भएकाहरुले पनि आर्थिक समस्याका कारण तह नै पार नगरी बिचैमा पढाई छाड्ने गरेको तथ्य शिक्षक, अभिभावकबाट ज्ञात हुन आएको छ । विद्यालय पोशाक, परीक्षा शुल्क, मासीक शूल्क, पाठ्यपुस्तक, कापी, कलम आदि जस्ता कुरामा लगानी गर्न नसकी शिक्षा प्राप्त गर्न अवरोध सृजना भएको देखिन्छ । अर्काको घरमा ज्याला मजदुरी नगरी खान नपुग्ने, बाबुआमालाई काममा सहयोग गर्नुपर्ने हुनाले घरमा पढ्ने वातावरण नहुने हुनाले पनि मुसहर छात्रछात्राहरुको शिक्षामा अवरोध सृजना भएको छ । सामाजिक भेदभाव, कुसंस्कार चेतनाको कमी आदि कारणहरुले मुसहर जातका बालबालिकाहरुको शिक्षाको पहुँचमा अवरोध खडा गरेको देखिन्छ ।

मुसहर समुदायका बालबालिकाहरुको शिक्षामा पहुँच बढाउनका निम्ति विभिन्न किसिमका कदम चालिएका छन् । दलित छात्रवृति, गरिव तथा जेहेन्दार छात्रवृति, अपाङ्गता छात्रवृति, जनजाति छात्रवृति, विश्व विद्यालय अनुदान आयोग छात्रवृति, ऋण सहयोग आदिको व्यवस्था भए पाइन्छ ।

समाजमा सामाजिक समानता कायम गर्न राज्यको नीति निमार्णको तहमा मुसहरहरुको प्रतिनिधित्व गराई उनीहरुकै सहभागीतामा उनीहरुकै इच्छा, आवश्यकता, रुचि तथा माग अनुसारको शैक्षिक कार्यक्रमको विकास गर्नु पर्ने देखिन्छ । शिक्षालाई सैद्धान्तिक भन्दा पनि व्यवहारिक र जिवनउपयोगी बनाउनु पर्ने देखिन्छ । मुसहरहरुको शैक्षिक पहुँचमा वृद्धि गर्न विभिन्न चेतनामूलक कार्यक्रम गाँउ गाँउसम्म  फैलाउने, आयमूलक कार्यक्रमहरु मार्फत उनीहरुको जीवनस्तर माथि उकास्न सहयोग पुऱ्याउने आदि कार्यहरु गर्न आवश्यक देखिन्छ । मुसहर जातिका बालबालिकाहरुलाई  अगी बढाउन उनीहरुमा  हीनताबोध र आफुलाई कमजोर सम्झने मनोवैज्ञानिक पद्धतिलाई अन्त्य गरी उपयुक्त वातावरणको सृजना गर्नु पर्ने देखिन्छ ।

## ५.२ सुझावहरु :

अध्ययनबाट प्राप्त निश्कर्षका आधारमा निम्नानुसार सुझावहरु प्रदान गरिएको छ :

### ५.२.१ नीतिगत तह

१. समाजमा रहेको रुडिवाढीता, कुसंस्कार, आदिलाई जरैबाट हटाउन प्राथमिक शिक्षा अनिर्वाय गरिनुपर्दछ ।

२. मुसहर छात्रवृत्तिको कोटा वृद्धि गरी सम्पूर्ण मुसहर विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनुपर्दछ साथै छात्रवृत्तिको रकम वृद्धि गरिनुपर्दछ ।

३. प्राथमिक.शिक्षालाई बढि व्यवसायिक, रोजगारमूलक र जीवनउपयोगी बनाइनुपर्दछ ।

४. प्रत्येक शैक्षिक संस्थामा मुसहर शिक्षकको व्यवस्था गरी मुसहरहरुलाई प्रोत्साहन गरिनुपर्दछ ।

### ५.२.२ अभ्यास तह

१. मानव अधिकारको रुपमा रहेको आधारभूत शिक्षा सामाजिक न्याय, लैङ्गीक समानता, नागरिकले पाउनुपर्ने अधिकार, आदि कुरामा जनचेतना जागृत गराउनु पर्दछ ।

२. सरकारी तथा गैरसरकारी संस्था, व्यक्ति विशेष सबैले मुसहर जातको उत्थानका लागि एकजुट हुनुपर्दछ ।

३. सचेतनामूलक शिक्षा मार्फत मुसहर अभिभावकमा शैक्षिक जागरण ल्याउनुपर्दछ ।

४. मुसहर समुदायका बालबालिकालाई  अगी बढाउन उनीहरुमा  हीनताबोध र आफुलाई कमजोर सम्झने मनोवैज्ञानिक पद्धतिलाई अन्त्य गरी उपयुक्त वातावरणको सृजना गर्नु पर्ने देखिन्छ ।

५.२.१ अनुसन्धान तह

१. मुसहर विद्वानहरुका उदाहरणीय जीवनी तथा योगदानहरु पाठ्यक्रममा समावेश गरिनुपर्दछ ।

२. विभिन्न खोजमूलक कार्यक्रमद्धारा  मुसहरहरुको वास्तविकता पत्ता लगाई उनीहरुलाई प्रत्यक्ष सहभागी गराउदै उनीहरुकै सहभागीतामा आर्थिक सुधारका कार्यक्रमहरु लागु गर्नुपर्दछ ।

३. मुसहर छात्रछात्राहरुको कमजोर मनोविज्ञानको बारेमा अनुसन्धान गरी  निराकरणको उपाय निकाल्नु पर्दछ ।

४. मुसहर बालबालिकाहरुको पढाई सम्बन्धि अवरोधहरुको खोजी गरी निराकरणको उपाय निकाल्नु पर्दछ ।

# सन्दर्भ सामग्रीहरु


ओभ्का, चन्द्रकला (२०६६), *दलित छात्राको उच्च माध्यमिक शिक्षामा पहुँच,* (अप्रकाशित शोध-पत्र), शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुनसरी : जनता वहुमुखी क्याम्पस ।

कोईराला, विद्यानाथ (२०५६), *दलित महिलाको शैक्षिक अवसथा र सुधारका उपायहरु : विकासको निम्ति शिक्षा* : महेन्द्र रत्न क्याम्पस, काठमाण्डौं ।

खनाल, पेशल (२०६१), *शैक्षिक अनुसन्धान पद्धति, काठमाण्डौं* : स्टुड्न्ट्स बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

खत्री, नन्दकुमारी (२०६५) , *कैलाली जिल्लामा प्राथमिक तहका थारु जातिका बालबालिकाहरुको शैक्षिक उपलब्धिको अध्ययन* (अप्रकाशित शोधपत्र) : महेन्द्र रत्न क्याम्पस, काठमाण्डौं ।

थारु, लोक वहादुर (२००१), *नेपलमा थारु महिलाको शैक्षिक अवस्था* (अप्रकाशित शोधपत्र) : त्रि.वि., काठमाण्डौं ।

न्यौपाने, प्रणराज (२०६३) *भोजपुर जिल्लामा कक्षा-८ उतिर्ण दलित विद्यार्थीहरुको सिकाई उपलब्धि र अध्ययनमा निरन्तरता : एक अध्ययन,* (अप्रकाशित शोधपत्र), शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग : महेन्द्र रत्न क्याम्पस, काठमाण्डौं ।

पाण्डे, मधुसुदन (२०६२), *नेपालका मुसहरहरु, काठमाण्डौ* : पैरवी प्रकाशन, काठमाण्डौं ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), *राष्ट्रिय जनगणना, २०६८*, काठमाडौं ।

राष्ट्रिय मुसहर आयोग (२०६०), *नेपालमा मुसहर समुलदायको स्थिति,* काठमाडौं ।

सवैका लागि शिक्षा कार्यक्रम (२००४-२००९), शिक्षा विभाग, शैक्षिक सामग्री व्यवस्थापन शाखा, सानेठिमी ।

सलाम (२००३), *कपिलवस्तु जिल्ला अजिग्रा गा.वि.स.का मुस्लिम समुदायका महिलाहरुको शैक्षिक अवस्था* (अप्रकाशित शोधपत्र), शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग : महेन्द्र रत्न क्याम्पस, काठमाण्डौं ।

Bishwakarma, B. (2008). *Educational Status of Musahar Community* :SIRF Secretariat, Lalitpur ,SNV Nepal.

Bista, D.B.(1976). *People of Nepal*, Third Edition, Kathmandu.

Mahato, R. (2007). *Socio-Economic Factors Affecting the Health Status of Musahar Women* :SIRF Secretariat, Lalitpur: SNV Nepal.

NNDSWO (2006). *Ethnographic Study of Terai Dalits in Nepal*, Lalitpur.

Salam, A (2003). *Educational Status of Muslim Community Ajigara VDC, Kapilvastu District :* TU, Kathmandu.

# अनुसुची-१

## मुसहर जातिको प्राथमिक शिक्षामा पहुँच

*(अभिभावकहरुका लागि)*

अन्तरवार्ता फाराम

परिचयात्मक विवरण

घरमुलीको नाम :– जिल्ला :–

गा.वि.स. ⁄न.पा. :– वडा नं. :– टोल :-

१. परिवार संख्याः

२. परिवारका सदस्यको विवरणः

बाबुको नामः

आमाको नामः

| छोरा | उमेर | विद्यालय जाँदै गरेको | जाँदै नगएको | बीचमा छाडेको |
|---|---|---|---|---|
| १) | | | | |
| २) | | | | |
| ३) | | | | |
| ४) | | | | |

| छोरी | उमेर | विद्यालय जाँदै गरेको | जाँदै नगएको | बीचमा छाडेको |
|---|---|---|---|---|
| १) | | | | |
| २) | | | | |
| ३) | | | | |
| ४) | | | | |

विद्यालय जान्छन् ? भने किन ?

१) घरबाट विद्यालय नजिक छ । २) घरमा अरु पढेका मानिस छन् । ३) पढ्नु पर्छ भन्ने थाहा भएकाले ।

४) छात्रवृत्ति पाएकोले । ५) आमा बुबाले जाऊ भनेर । ६) शिक्षकले आऊ भनेर ।

७) जनचेतना कार्यक्रम पछि । ८) अन्य

विद्यालय जाँदैनन् ? भने किन ?

१) घरबाट विद्यालय टाढा छ । २) घरमा अरु पढेका मानिस छैनन । ३) पढ्नु पर्छ भन्ने थाहा नभएकाले ।
४) विद्यालय भर्ना गर्ने, कापी, कलम किन्ने पैसा छैन । ५) घरमा भाई बहिनी, गाई वस्तु हेर्नु पर्ने भएकाले ।
६) अरुको घरमा काम गर्ने जानु पर्ने भएकाले । (हरुवा चरुवा) ७) मजदुरी गर्नु परेकोले ।
८) जन्मदर्ता नभएकाले ⁄नागरिकता नभएकाले ९) अन्य

बीचमा विद्यालय छाडेका छन् ? छन् भने छोराले कि छोरीले ?

| छोरीले किन विद्यालय छाडेको ? | छोराले किन विद्यालय छाडेको ? |
|---|---|
| १) घरबाट विद्यालय टाढा छ । | १) |
| २) घरमा अरु पढेका मानिस छैनन । | २) |
| ३) विद्यालय भर्ना गर्ने, कापी, कलम किन्ने पैसा छैन । | ३) |

४) घरमा भाई बहिनी, गाई वस्तु हेर्नु पर्ने भएकाले । ४)
५) अरुको घरमा काम गर्न जानु पर्ने भएकाले । ५)
६) मजदुरी गर्नु परेकोले । ६)
७) छोरीले पढेर के काम । ७)
८) भाषाको समस्याले । ८)
९)विद्यालयमा जातीय विभेद भएकाले । ९)

शिक्षक
विद्यार्थी
अन्य व्यक्तिहरु

-
-

१०) लैङ्गिक विभेद । १०)
११) शारिरीक /मानसिक दण्ड ११)
१२) बच्चाले पढ्न नमानेर । १२)

१) तपाईको छोराछोरीको परीक्षा नतिजा कस्तो छ ?

क) पास हुन्छन् । ख) फेल हुन्छन् ।

क) पास हुन्छन् भने कुन स्थानमा हुन्छन् ।

क) प्रथम/द्वितीय/तृतीय ख) दशौं भित्र पर्छ । ग) विषय नलागेर उर्त्तिर्ण हुन्छ ।

घ) विषय लागेर उर्त्तिर्ण हुन्छ ।

उक्त स्थान हासिल गर्नुको कारण के होला ?
क) विद्यालय नियमित जान्छ । ख) गृहकार्य सबै गर्छ । ग) दिएको पाठ राम्रो संग पढ्छ ।

घ) टियूसन पढ्छ । ङ) घरमा पढाउने मानिसछन् । च) घरमा पढ्नका लागि समय मिल्छ ।

छ) छात्रवृत्ति पाएकोले । ज) संस्थाले सहयोग गरेकोले ।

झ) विद्यालयको वातावरण राम्रो भएर ञ)शिक्षकले माया गरेर ६) अन्य

ख) विषय लागेर पास हुन्छन् । किन ?
१)............................................... २) ...............................................
३)........................................... ४) ...............................................

ग) फेल हुन्छन् ? किन ?

क) विद्यालय नियमित जाँदैन । ख) गृहकार्य गर्दैन । ग) दिएको पाठ राम्रो संग पढ्दैन ।

घ) टयूसन पढ्नका लागि पैसा छैन । ङ) घरमा पढाउने मानिस छैनन ।

च) घरमा पढ्नका लागि समय मिल्दैन ।

छ) विद्यालयमा सधैं पछाडी बस्छ । पढाएको कुरा राम्ररी नसुनेर । बुझ्दैनन् ।

ज) अर्काको काम गर्न जानु पर्छ । झ) विद्यालयमा शिक्षकले वास्ता गर्दैनन ।

ञ) घरको काम गर्नु पर्छ । ट) भाई बहिनी हेर्नु पर्छ ।

ठ) मजदुरी गर्नु परेकोले । ड) अन्य

# अनुसुची-२
# मुसहर जातिको प्राथमिक शिक्षामा पहुँच

*(विद्यार्थीहरुका लागि)*

अन्तरवार्ता फाराम
परिचयात्मक विवरण

विद्यार्थीको नामः–　　　　　　　　　　　　जिल्ला :–
गा.वि.स./न.पा.–　　　　　　　　　　　　वडा नं . :–　　　　　टोल :-
विद्यालयको नाम :-

के कारणले गर्दा तिमी विद्यालय जान्छौं, आयौं ?

१) घरबाट विद्यालय नजिक छ ।　　२) घरमा अरु पढेका मानिस छन् ।

३) पढ्नु पर्छ भन्ने थाहा भएकाले ।　　४) छात्रवृत्ति पाएकोले ।　　५) आमा बुबाले जाऊ भनेर ।

६) शिक्षकले आऊ भनेर ।　　७) जनचेतना कार्यक्रम पछि ।　　८) अन्य

के कारणले गर्दा तिमी विद्यालय नगएको, ?

१) घरबाट विद्यालय टाढा छ ।　　२) घरमा अरु पढेका मानिस छैनन ।

३) पढ्नु पर्छ भन्ने थाहा नभएकाले ।　　४) विद्यालय भर्ना गर्ने, कापी, कलम किन्ने पैसा छैन ।

५) घरमा भाई बहिनी, गाई वस्तु हेर्नु पर्ने भएकाले । ६) अरुको घरमा काम गर्ने जानु पर्ने भएकाले ।

७) पढेर के काम छ ।　　८) जन्मदर्ता नभएकाले /नागरिकता नभएकाले

९) अन्य

के कारणले गर्दा तिमी बीचैमा विद्यालय छाडेको ?

| केटाले किन ? | केटिले किन ? |
|---|---|
| १) घरबाट विद्यालय टाढा छ । | १) |
| २) घरमा अरु पढेका मानिस छैनन । | २) |
| ३) विद्यालय भर्ना गर्ने, कापी, कलम किन्ने पैसा छैन । | ३) |
| ४) घरमा भाई बहिनी, गाई वस्तु हेर्नु पर्ने भएकाले । | ४) |
| ५) अरुको घरमा काम गर्न जानु पर्ने भएकाले । | ५) |
| ६) मजदुरी गर्नु परेकोले । | ६) |
| ७) छोरीले पढेर के काम । | ७) |
| ८) भाषाको समस्याले । | ८) |
| ९)विद्यालयमा जातीय विभेद भएकाले । | ९) |

शिक्षक
विद्यार्थी
अन्य व्यक्तिहरु

-
-
-

घ

१०) लैङ्गिक विभेद १०)
११) अन्य ११)

तिम्रो पढाई कस्तो छ ?

पास हुन्छौं । फेल हुन्छौं ।

क) पास हुन्छौं भने कुन स्थानमा हुन्छौं ।

क) प्रथम/द्वितीय/तृतीय
ख) दशौं भित्र पर्छ ।
ग) विषय नलागेर उर्त्तिर्ण हुन्छु ।
घ) विषय लागेर उर्त्तिर्ण हुन्छु ।

तिमीले उक्त स्थान हासिल गर्नुको कारण के होला ?

क) विद्यालय नियमित जान्छु ।
ख) गृहकार्य सबै गर्छु ।
ग) दिएको पाठ राम्रो संग पढ्छु ।
घ) टियूसन पढ्छु ।
ङ) घरमा पढाउने मानिसछन् ।
च) घरमा पढ्नका लागि समय मिल्छ ।
छ) छात्रवृत्ति पाएकोले ।
ज) संस्थाले सहयोग गरेकोले ।
झ) विद्यालयको वातावरण राम्रो भएर/ शिक्षकले माया गरेर /अन्य
ञ) अन्य

ख) तिमी विषय लागेर पास हुन्छौं ।

भने किन?

१)
२)
३)
४)

ग) तिमी फेल हुन्छौं ? भने किन ?

क) विद्यालय नियमित जाँदिन ।
ख) गृहकार्य गर्दिन ।
ग) दिएको पाठ राम्रो संग पढ्दिन ।
घ) टयूसन पढ्नका लागि पैसा छैन् ।
ङ) घरमा पढाउने मानिस छैनन् ।
च) घरमा पढ्नका लागि समय मिल्दैन् ।
छ) विद्यालयमा सधैं पछाडी बस्छु । पढाएको कुरा राम्ररी नसुनेर ।
ज) अर्काको काम गर्न जानु पर्छ ।
झ) विद्यालयमा शिक्षकले वास्ता गर्दैनन ।
ञ) घरको काम गर्नु पर्छ ।
ट) भाई बहिनी हेर्नु पर्छ ।
ठ) मजदुरी गर्नु परेकोले ।
ड) अन्य

को कस्ले के के गरि दियो भने तिमीले अझ राम्ररी पढ्न सक्छौं ? विद्यालय जान सक्छौं ?

# अनुसुची-३

## मुसहर जातिको प्राथमिक शिक्षामा पहुँच

*(प्र.अ. तथा शिक्षकहरुको लागि)*

अन्तरवार्ता फाराम

परिचयात्मक विवरण

जिल्ला :– शिक्षकको नाम :–

गा.वि.स. ⁄ न.पा. :– विद्यालयको नाम :–

वडा नं. :–

१) तपाईको विद्यालयको वरीपरी रहेका मुसहर बस्तीका विद्यालय जाने उमेरका सबै बालबालिकाहरु विद्यालय आउँछन्?

१) सबै आउँछन् ।

२) क) केही मात्रामा आउँछन् ?

ख) आउँदैनन् ?

सबै आउंदैनन् भने किन?

क) ख)

ग) घ)

ङ) च)

२) विद्यालयमा भर्ना भएका बालबालिकाहरुको विद्यालय छाड्ने गरेका छन् ? छन् भने के के कारणले गर्दा छाडेका छन् ?

क) ख)

ग) घ)

ङ) च)

३) मुसहर समुदायको शैक्षिक स्थिति कस्तो छ ?

४) मुसहर समुदायका राम्रो पढ्ने विद्यार्थिहरु के के कारणले गर्दा सफल भएका हुन् ?

५) मुसहर समुदायका शैक्षिक स्थिति सुधारका बाधकहरु के के हुन् ?

क) ख)

ग) घ)

ङ) च)

३) मुसहर समुदायको शैक्षिक स्थितिमा सुधार गर्नका लागिको कसको के भूमिका हुनुपर्दछ ?

परिवार

क) ख)

ग) घ)

ङ) च

शिक्षक

क) ख)

ग) घ)

ङ)

विद्यालय

क) ख)

ग) घ)

ङ)

गा.वि.स./न.पा.

क) ख)

ग) घ)

ङ)

सरकार

क) ख)

ग) घ)

ङ)

सामाजिक संस्था

क) ख)

ग) घ)

ङ)

अन्य

# अनुसुची-४

# मुसहर जातिको प्राथमिक शिक्षामा पहुँच

*(बुद्धिजीवी, समाज सेवी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरूका लागि)*

अन्तरवार्ता फाराम

परिचयात्मक विवरण

प्रमुख अन्तरवार्ताकारको नामः–

जिल्ला :- गा.वि.स.÷नगरपालिका :- वडा नं. :- टोल :-

कार्यालय :

पदः

१) मुसहर समुदायको शैक्षिक स्थिति कस्तो पाउनु भएको छ ?

४) मुसहर समुदायका शैक्षिक स्थिति सुधारका बाधकहरु के के हुन ?

क) ख)

ग) घ)

ङ) च)

३) मुसहर समुदायको शैक्षिक स्थितिमा सुधार गर्नका लागि को कसको के भूमिका हुनुपर्दछ ?

परिवार

क) ख)

ग) घ) ङ)

शिक्षक

क) ख)

ग) घ) ङ)

विद्यालय

क) ख)

ग) घ) ङ)

गा.वि.स. ⁄ न.पा.

क) ख)

ग) घ) ङ)

सरकार

क) ख)

ग) घ)

सामाजिक संस्था

क) ख)

ग) घ) ङ)

अन्य

# अनुसुची-५

नमुना छनौटमा परेका प्र.अ. तथा शिक्षाकहरुको नामावली

| क.स. | प्र.अ. तथा शिक्षकको नाम | विद्यालयको नाम |
|---|---|---|
| १. | भागवत यादव (प्र.अ.) | श्री कच्छुनरप्रताप उ.मा.वि.रायपुर |
| २. | रमेश मण्डल (शिक्षक) | श्री कच्छुनरप्रताप उ.मा.वि.रायपुर |
| ३. | सुरेन्द्र प्रसाद यादव (प्र.अ.) | श्री नेपाल रेडक्रस रा.प्रा.वि.दिघवा |
| ४. | रामनरेश यादव (शिक्षक) | श्री नेपाल रेडक्रस रा.प्रा.वि.दिघवा |
| ५. | रविलाल खड्ग (प्र.अ.) | श्री जनजागरण रा.प्रा.वि.सितापुर |
| ६. | शिव नारायण चौधरी (शिक्षक) | श्री जनजागरण रा.प्रा.वि.सितापुर |
| ७. | सत्यनारायण चौधरी (प्र.अ.) | श्री नि.मा.वि. फत्तेपुर,सकुवनी |
| ८. | उमेश दाहाल (शिक्षक ) | श्री नि.मा.वि. फत्तेपुर,सकुवनी |
| ९. | कृष्णानन्द रजक (प्र.अ.) | श्री राष्ट्रिय.मा.वि. बरमझिया |
| १०. | सूर्यनारायण यादव (शिक्षक) | श्री राष्ट्रिय.मा.वि. बरमझिया |

# अनुसुची-६

## नमुना छनौटमा परेका मुसहर अभिभावकको नामावली

| क.स. | नाम | गा.वि.स. |
|---|---|---|
| १. | गुल्टेन सदा | रायपुर |
| २. | राजेन्द्र सदा | रायपुर |
| ३. | रमेश मुसहर | रायपुर |
| ४. | जुगेश्वर मुसहर | दिघवा |
| ५. | मुनर सदा | दिघवा |
| ६. | राघव सदा | दिघवा |
| ७. | रामनरेश सदा | सितापुर |
| ८. | जिवन मुसहर | सतिापुर |
| ९. | जोखन सदा | सितापुर |
| १०. | बौका सदा | फत्तेपुर |
| ११. | सोमन मुसहर | फत्तेपुर |
| १२. | मुनेश्वर मुसहर | फत्तेपुर |
| १३. | इनरदेव मुसहर | बरमझिया |
| १४. | उमेश सदा | बरमझिया |
| १५. | रामे सदा | बरमझिया |

# अनुसुची-७

## नमुना छनौटमा परेका मुसहर विद्यार्थीहरुको नामावली

| क.स. | विद्यार्थीको नाम | विद्यालयको नाम |
|---|---|---|
| १. | रमन मुसहर | श्री कच्छु नरप्रताप उ.मा.वि. रायपुर |
| २. | अमरेन्द्र सदा | श्री कच्छु नरप्रताप उ.मा.वि. रायपुर |
| ३. | जितनी मुसहर | श्री कच्छुनर प्रताप उ.मा.वि. रायपुर |
| ४. | सोनम सदा | श्री नेपाल रेडक्रस रा.प्रा.वि. दिघवा |
| ५. | दिले सदा | श्री नेपाल रेडक्रस रा.प्रा.वि. दिघवा |
| ६. | अकेश सदा | श्री नेपाल रेडक्रस रा.प्रा.वि. दिघवा |
| ७. | भुवन मुसहर | श्री जनजागरण रा.प्रा.वि.इटर्हवा,सितापुर |
| ८. | मिश्रिलाल मुसहर | श्री जनजागरण रा.प्रा.वि.इटर्हवा,सितापुर |
| ९. | नैना सदा | श्री जनजागरण रा.प्रा.वि.इटर्हवा,सितापुर |
| १०. | राजेश सदा | श्री नि.मा.वि.सकुवनी फत्तेपुर |
| ११. | अजय सदा | श्री नि.मा.वि.सकुवनी फत्तेपुर |
| १२. | मिना सदा | श्री नि.मा.वि.सकुवनी फत्तेपुर |
| १३. | रामकुमार सदा | श्री राष्ट्रिय मा.वि.बरमझिया |
| १४. | गोमा सदा | श्री राष्ट्रिय मा.वि.बरमझिया |
| १५. | इन्द्रजित कुमार सदा | श्री राष्ट्रिय मा.वि.बरमझिया |

# अनुसुची-८

नमुना छनौटमा परेका बुद्धिजिवी तथा समाजसेवीहरुको नामावली

| क.स. | नाम | गा.वि.स. |
|---|---|---|
| १. | दिनेश यादव | रायपुर |
| २. | भुपेन्द्र यादव | दिघवा |
| ३. | कृष्ण चौधरी | सितापुर |
| ४. | मिनेन्द्र खड्का | फत्तेपुर |
| ५. | लक्ष्मी यादव | बरमझिया |

# अनुसुची-९

## नमुना छनौटमा परेका गैरसरकारी संस्थाका प्रतिनिधिहरुको नामावली

| क.स. | नाम | संस्था |
|---|---|---|
| १. | अनार कुमारी चौधरी | कोशी भिक्टिम सोसाइटी |
| २. | भुपेन्द्र मण्डल | हुपेड |
| ३. | चन्द्रनारायण चौधरी | महुली सामुदायिक |
| ४. | सुरेन्द्र यादव | इनसेक सप्तरी |
| ५ | ध्रुव देव | सेभ द सप्तरी |

# अनुसुची-१०

लक्षित समुह छलफलमा उपस्थित भएका व्यक्तिहरुको नामावली

| क.स. | नाम | गा.वि.स. |
|---|---|---|
| १. | गुल्टेन सदा | रायपुर |
| २. | राजेन्द्र सदा | रायपुर |
| ३. | रमेश मुसहर | रायपुर |
| ४ | जिवेन्द्र सदा | रायपुर |
| ५ | भागवत यादव (प्र.अ.) | रायपुर |
| ६ | रमेश मण्डल (शिक्षक) | रायपुर |
| ७. | जुगेश्वर मुसहर | दिघवा |
| ८ | मुनर सदा | दिघवा |
| ९ | राघव सदा | दिघवा |
| १० | मुनर सदा | दिघवा |
| ११ | विश्वा मुसहर | दिघवा |
| १२ | सुरेन्द्र प्रसाद यादव (प्र.अ.) | दिघवा |
| १३ | रामनरेश यादव (शिक्षक) | दिघवा |
| १४ | रामनरेश सदा | सितापुर |
| १५ | जिवन मुसहर | सतिापुर |
| १६ | जोखन सदा | सितापुर |
| १७ | दिनाभद्री सदा | सितापुर |
| १८ | रौनक मुसहर | सितापुर |
| १९ | राधा देवी सदा | सितापुर |
| २० | रजनीसा मुसहर्नी | सितापुर |
| २१ | रविलाल खड्ग (प्र.अ.) | सितापुर |
| २२. | शिव नारायण चौधरी (शिक्षक) | सितापुर |
| २३. | बौका सदा | फत्तेपुर |
| २४. | सोमन मुसहर | फत्तेपुर |
| २५ | मुनेश्वर मुसहर | फत्तेपुर |
| २६ | दिला देवी सदा | फत्तेपुर |
| २७ | सत्यनारायण चौधरी (प्र.अ.) | फत्तेपुर |
| २८. | उमेश दाहाल (शिक्षक ) | फत्तेपुर |
| २९. | इनरदेव मुसहर | बरमझिया |
| ३०. | उमेश सदा | बरमझिया |
| ३१ | रामे सदा | बरमझिया |
| ३२ | रामेश्वरी सदा | बरमझिया |
| ३३ | दिपा मुसहर | बरमझिया |

| | | |
|---|---|---|
| ३४ | केसरी मुसहर | बरमझिया |
| ३५ | कृष्णानन्द रजक (प्र.अ.) | बरमझिया |
| ३६ | सूर्यनारायण यादव (शिक्षक) | बरमझिया |